# अध्याय एक : शोधपरिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'कक्षा पाँचको सजिलो नेपाली माला र कक्षा पाँचको मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन' रहेको छ ।

## १.२. शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षण विभागअन्तर्गत स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्ष ५९८ पत्रको आवश्यकता पूर्तिका निम्ति तयार पारिएको छ ।

## १.३. समस्या कथन

- विद्यार्थीको स्तरअनुसार 'कक्षा पाँचको 'सजिलो नेपाली माला र कक्षा पाँचको मेरो नेपाली पाठ्यपुस्तकमा रूपक विधा समाविष्ट छन् ?
- भाषिक सीप आर्जनका दृष्टिले उक्त दुई भाषा पाठ्यपुस्तकहरूमध्ये कुनचाहिँ बढी उपयोगी छ ?
- यी दुई पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका पाठहरूका सबल र दुर्बल पक्षहरू के के हुन् ?

## १.४. शोधका उद्देश्य

- प्रस्तुत शोधपत्र विद्यार्थीको स्तरअनुरूप पाठ्यपुस्तकमा रूपक विधा समावेशको स्थितिको अध्ययन गर्न,
- भाषिक सीपका निम्ति उक्त दुई पाठ्यपुस्तकमा समावेश रूपक विधाहरू विद्यार्थीका रुचि चाहना अनुरूपताको अध्ययन गर्न,
- यी दुई पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका सबल र दुर्बल पक्ष पत्ता लगाई उपयुक्त सुझाव दिन ।

## १.५. पूर्वकार्यको समीक्षा

प्रा.डा. हेमाङ्गराज अधिकारीद्वारा लिखित नेपाली भाषा शिक्षण (२०३९) पुस्तकमा विद्यालय तहमा रूपक विधा शिक्षणको औचित्य तथा बालबालिकाको भाषिक सीप विकासमा रूपक विधाको उपयोगिताको चर्चा गरिएको छ।

रामप्रसाद पौडेलद्वारा शोधपत्र 'माध्यमिक तहमा पुरानो पाठ्यपुस्तक महेन्द्रमाला र वर्तमान समयको नेपाल पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन (२०५५) मा एउटै कक्षाको पृथक पृथक समयका पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको समानता, भिन्नता केलाइएको यस शोधपत्रमा अभ्यासको सान्दर्भिकताका बारेमा पनि जानकारी दिइएको छ । यस शोधपत्रभित्र नयाँ र पुरानो पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासको सान्दर्भिकता, रूपक विधा अन्तर्गतका पाठहरूको समानता भिन्नता जस्ता पक्षहरूको बारेमा विश्लेषण गरिएको छ।

डिल्लीराम रिमालद्वारा लेखिएको 'नेपाली शिक्षण' (२०५५) पुस्तकमा रूपक शिक्षणको प्रयोजन, रूपक विधा सञ्चालन गर्दा सञ्चालन गरिने कार्यकलापहरू र शिक्षण सामग्री एवम् विधिको वारेमा समेत चर्चा गरिएको छ।

प्रा. डा. हेमाङ्गराज अधिकारी र प्रा.डा. केदारप्रसाद शर्माद्वारा लिखित प्रारम्भिक नेपाली शिक्षण (२०५५) पुस्तकमा "मौखिक भाषाको जीवन्तताअनुसारको भाषा प्रयोग गर्ने क्षमताको विकास गर्नु नै रूपक विधाको मुख्य प्रयोजन हो।" भनिएको छ।

महेन्द्ररत्न क्याम्पस ताहाचलका देवेन्द्रराम खनालद्वारा तयार पारिएको 'कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट रूपक विधाको विश्लेषणात्मक अध्ययन नामक शोधपत्रमा रूपक विधाको सैद्धान्तिक आधारको विश्लेषण गरिएको छ। यस शोधपत्रमा निम्न माध्यमिक तहको पाठ्यक्रममा समावेश गरिएका रूपक विधाले उक्त विधाका अपेक्षा पूरा गर्न सकेका छन् छैनन् भनी केलाइएको छ । यसका साथै उक्त तहमा समाविष्ट रूपक विधाका सबल तथा दुर्बल पक्षहरूलाई समेत औंल्याएर उपयुक्त सुझाव प्रस्तुत गरिएको छ।

दुर्गाप्रसाद गौतमको "कक्षा सातको महेन्द्र माला र मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन (२०६५)" नामक शोधपत्रमा पनि यी दुई पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक ढङ्गले अध्ययन गरिएको पाइन्छ । यसैगरी दुबै

पाठ्यपुस्तकमा समावेश गरिएका रूपक विधाका सबल तथा दुर्बल पक्षहरूलाई केलाएर उपयुक्त सुझाबहरू समेत प्रस्तुत गरिएको छ ।

यसरी रूपक विधाको सन्दर्भमा अग्रज शोधकर्ताहरूद्वारा अनुसन्धान गरेको पाइए पनि प्राथमिक तहको रूपक विधाको तुलनात्मक अध्ययन गरेको पाइदैन । अग्रजहरूको रूपक विधाको अध्ययनलाई आधार मानेर कक्षा पाँचको 'मेरो नेपाली' किताब र कक्षा पाँचको 'सजिलो नेपाली किताब'मा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन गरी पाठ्यक्रमको मर्म र अपेक्षा अनुरूप रूपक विधाले सम्बोधन गर्न सके नसकेको पत्ता लगाई आवश्यक सुझाव दिन सफल हुने छ भन्ने कुराको निष्कर्ष निकालिएको छ ।

## १.६. अध्ययनको औचित्य

प्रस्तुत अध्ययन कक्षा पाँचको मेरो नेपाली किताब र सजिलो नेपाली मालामा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन शोधपत्रले अध्ययन अध्यापनमा संलग्न व्यक्तिहरू तथा विशेष गरी नेपाली भाषा शिक्षणमा संलग्न व्यक्तिहरूलाई अध्ययन कार्यमा सहयोगी सामग्रीका रूपमा प्रयोग गर्न उपयोगी हुने छ । यसका साथै रूपक विधाको अध्ययन गर्न चाहनेहरूका लागि आधार सामग्री बन्न सक्ने छ । त्यतिमात्र होइन शिक्षाविद्, पाठ्यक्रमविद्, भाषाविद् जस्ता व्यक्तिहरूलाई पनि पाठ्यक्रम निर्माणार्थ रूपक विधा सम्बन्धी आवश्यक सामग्रीका रूपमा उपयोगी बन्न सक्ने छ । तसर्थ प्रस्तुत शोधपत्र स्वतः औचित्यपूर्ण हुने देखिन्छ ।

## १.७. अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययन कक्षा पाँचको मेरो नेपाली किताब र कक्षा पाँचको सजिलो नेपाली मालामा समाविष्ट रूपक विधाभित्रका पाठहरूको व्याख्या, विश्लेषण आदिमा सीमित रहेको छ । यस अध्ययनमा यी दुई पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाहरूको तुलनात्मक अध्ययन गरी सबल तथा दुर्बल पक्ष विश्लेषणमा केन्द्रित रहेको छ । यस बाहेकका अन्य पक्षहरू यसका सीमा हुन् ।

## १.८. अध्ययन शोधविधि

प्रस्तुत शोधपत्र तयारीका लागि निम्न किसिमका अध्ययन विधिहरू अपनाइएको छ ।

### १.८.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्नको लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसका साथै सम्बन्धित तहका भाषा शिक्षक तथा भाषा विशेषज्ञहरूका निष्कर्षहरू पनि यस अध्ययनमा समाविष्ट गरिएको छ ।

### १.८.२ तुलनात्मक विधि

प्रस्तुत अध्ययनमा सामग्री विश्लेषणका लागि तुलनात्मक विधिलाई प्राथमिकता दिइएको छ। यसका साथै आवश्यकता अनुसार वर्णनात्मक तालिकीकरण साङ्ख्यिकीकरण जस्ता विधिको पनि प्रयोग गरिएको छ ।

## १.९. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्न अनुसारका अध्यायमा प्रबन्धन गरिएको छ ।

अध्ययन एक : शोध परिचय

अध्ययन दुई : भाषा पाठ्यक्रमको उद्देश्य र शिक्षण प्रयोजन

अध्ययन तीन : रूपक विधाको सैद्धान्तिक परिचय

अध्ययन चार : 'कक्षा पाँचको मेरो नेपाली किताब र कक्षा पाँचको सजिलो नेपाली माला' पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका पाठ्यसामग्रीको तुलनात्मक अध्ययन

अध्ययन पाँच : निष्कर्ष र सुझाब

# अध्याय दुई : भाषा पाठ्यक्रमको उद्देश्य र शिक्षण प्रयोजन

## २.१ भाषा पाठ्यक्रमको परिचय

शिक्षण तथा सिकाइलाई व्यवस्थित, सहज, स्वभाविक र क्रमबद्ध बनाउन निर्माण गरिएको शैक्षिक योजना नै पाठ्यक्रम हो । पाठ्यक्रमको एउटा अंशको रूपमा भाषा पाठ्यक्रमलाई लिइन्छ । भाषिक सीपहरूको प्राप्तिको उद्देश्य राखी बनाइएको शैक्षिक योजनालाई भाषा पाठ्यक्रम भनिन्छ (ढकाल, २०६४ : ५) । भाषा शिक्षणको उद्देश्य सिकारुको बोध र अभिव्यक्ति क्षमताको विकास गराउनु हो । भाषा पाठ्यक्रमले पनि सिकारुको बोध तथा अभिव्यक्ति क्षमता विकासका लागि गर्नुपर्ने सम्पूर्ण क्रियाकलापलाई मार्गदर्शन, नियन्त्रण र निर्देशन दिने गर्दछ । यसै गरी भाषिक सीप प्राप्तिका लागि बनाइएको शैक्षिक उद्देश्य, ती उद्देश्य प्राप्तिका लागि आवश्यक शैक्षिक सामग्री, आवश्यक शिक्षण विधि तथा अपेक्षित उद्देश्य प्राप्त भए नभएको मूल्याङ्कनका बारेमा स्पष्ट निर्देशन दिएको हुन्छ । यसको फलस्वरूप भाषिक सीप प्राप्तिलाई सहज बनाउन मद्दत गर्दछ ।

अन्य विषयको पाठ्यक्रमबाट भाषा पाठ्यक्रमलाई छुट्याउने आधार भाषिक सीप हो । अन्य भाषाको पाठ्यक्रमले विषयवस्तुको ज्ञान प्राप्तिलाई जोड दिएको पाइन्छ भने भाषा पाठ्यक्रमले भाषिक सीप प्राप्तिलाई जोड दिएको पाइन्छ ।

## २.२ प्राथमिक भाषा पाठ्यक्रमको साधारण उद्देश्य

प्राथमिक तहको अध्ययन पूरा गरेपछि नेपाली भाषामा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्नेछन् :

**क) सुनाइ सीप**

१) विभिन्न प्रकारका निर्देशन सुनेर सोही अनुसार गर्न,

२) कुनै विषयवस्तुको वर्णन, छलफल, आदि ध्यानपूर्वक सुनेर तिनको अर्थ र आशय बुझी प्रतिक्रिया जनाउन,

३) बालकथा, बालगीत, कविता आदि आनन्द लिने गरी सुन्न ।

**ख) बोलाइ सीप**

१) शब्दहरू शुद्ध र स्पष्टसँग उच्चारण गरी स्वाभाविक गतिका साथ बोल्न,

२) देखेसुनेका र अनुभव गरेका कुरा सिलसिला मिलाई बताउन,

३) कुराकानी, छलफल आदिमा आफ्ना कुरा धक नमानी शिष्ट ढङ्गले राख्न ।

**ग) पढाइ सीप**

१) नेपाली भाषामा लेखिएका सरल पाठ्यसामग्रीहरू गति र यति मिलाई स्पष्ट रूपमा पढ्न,

२) स-साना सूचना विवरण पढेर आशय बताउन,

३) सरल बालसाहित्यका रचनाहरू रुचि लिई पढ्न ।

**घ) लेखाइ सीप**

१) ठीक दुरीमा बान्की मिलाएर अक्षर लेख्न,

२) देखेसुनेका र अनुभव गरेका कुराहरू सिलसिला मिलाएर शुद्धसँग लेख्न,

३) आफ्नो अनुभवका सेरोफेरोका विषयमा छोटा लिखित रचना तयार गर्न ।

(प्राथमिक शिक्षा पाठ्यक्रम, २०६४)

## २.३ प्राथमिक तहको विशिष्ट उद्देश्य

प्राथमिक तहको विशिष्ट उद्देश्य यस प्रकार छन्:

कक्षा ४

१) साधारण निर्देशन सुनेर पालना गर्न,

२) सुनेका आधारमा उस्तै जस्ता सुनिने वाक्यहरू सुनेर तिनीहरूको फरक अर्थ बताउन,

३) विशेष परिवेशमा भएका कुराकानी, छलफल, वर्णन, सुनेर प्रतिक्रिया जनाउन,

४) आफ्नो परिवेशमा आयोजना हुने कार्यक्रम सुनेर प्रतिक्रिया दिन,

५) विद्युतीय सञ्चार माध्यमबाट प्रसारित बाल उपयोगी कार्यक्रम सुनेर प्रतिक्रिया जनाउन,

६) संयुक्त वर्ण भएका शब्दहरूको शुद्ध उच्चारण गरी स्वभाविक गतिमा बोल्न,

७) शिष्टाचारका शब्द प्रयोग गरी बोल्न,

८) सामान्य विषयमा धक नमानी सोधपुछ, कुराकानी, प्रश्नोत्तर, वर्णन र छलफल गर्न,

९) साधारण विषयमा हाउभाउसहित संवाद तथा अभिनय गर्न,

१०) गति, यति र लय मिलाई गीत, कविता वाचन गर्न,

११) आफूले जानेका बालकथा, गाउँखाने कथा र चुड्किला भन्न,

१२) गति यति र लय मिलाई पढ्न,

१३) पोस्टर, भित्तेपात्रो, हस्तलिखित सामग्री आदि पढ्न,

१४) चिठीपत्र, समाचारपत्र र अन्य विवरणहरू पढ्न,

१५) बाल साहित्यहरू सस्वर र मौन रूपमा पढ्न,

१६) चित्र तथा अन्य सरल विषयवस्तुको लिखित वर्णन गर्न,

१७) हिज्जे मिलाएर शब्द लेख्न,

१८) बान्की मिलेका वर्णहरू ठीक दुरीमा लेख्न,

१९) शुद्ध र सफासँग अनुलेखन गर्न,

२०) निर्देशनका आधारमा तथा स्वतन्त्र रूपमा छोटो रचना तयार गर्न,

२१) सरल अनुच्छेदको श्रुतिलेखन गर्न,

२२) पूर्णविराम, अल्पविराम, प्रश्नवाचक र उद्धरण चिन्हको प्रयोग गर्न,

२३) वचन, लिङ्ग, पुरुष र आदरसँग क्रियापदको मेल गराएर बोल्न र लेख्न,

२४) सामान्य वर्तमानकाल, सामान्य भूतकाल र सामान्य भविष्यतकाल प्रयोग गरी बोल्न र लेख्न,

२५) शब्दभण्डार बृद्धि गर्न, (प्राथमिक शिक्षा पाठ्यक्रम, २०६४)

**कक्षा ५ को नेपाली भाषा पाठ्यक्रमको विशिष्ट उद्देश्य :**

१) निर्देशन तथा अनुरोध सुनेर पालना गर्न,

२) आशयगत अर्थ दिने साधारण वाक्य सुनेर त्यसको आशय बताउन,

३) विशेष परिवेशमा आएका कुराकानी, छलफल, वर्णन, सुनेर प्रतिक्रिया जनाउन,

४) आफ्नो परिवेशमा आयोजना हुने कार्यक्रम सुनेर प्रतिक्रिया दिन,

५) विद्युतीय सञ्चार माध्यमबाट प्रसारित बाल उपयोगी कार्यक्रम सुनेर प्रतिक्रिया जनाउन,

६) संयुक्त वर्ण भएका शब्दहरूको शुद्ध उच्चारण गरी स्वभाविक गतिमा बोल्न,

७) शिष्टाचारका शब्द प्रयोग गरी बोल्न,

८) सामान्य विषयमा धक नमानी सोधपुछ, कुराकानी, प्रश्नोत्तर, वर्णन र छलफल गर्न,

९) उपयुक्त विषय वा प्रसङ्गमा हाउभाउसहित संवाद, अभिनय र उद्घोषण गर्न,

१०) गति, यति र लय मिलाई गीत, कविता भन्न,

११) आफूले जानेका बालकथा, गाउँखाने कथा र चुड्किला भन्न,

१२) गति, यति, लय र भाव मिलाई पढ्न,

१३) पोस्टर, भित्तेपात्रो, हस्तलिखित र विज्ञापनका सामग्री आदि पढ्न,

१४) चिठीपत्र, समाचार र अन्य विवरणहरू पढ्न ।

१५) बाल साहित्यहरू सस्वर र मौन रूपमा पढ्न,

१६) चित्र र अन्य उपयुक्त विषयवस्तुको लिखित वर्णन गर्न,

१७) हिज्जे मिलाएर शब्द लेख्न,

१८) शुद्ध र सफासँग अनुलेखन गर्न,

१९) सरल अनुच्छेदको श्रुतिलेखन गर्न,

२०) निर्देशनका आधारमा र स्वतन्त्र रचना तयार गर्न,

२१) पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, उद्धरण र विस्मयादिबोधक चिन्हको प्रयोग गर्न,

२२) वचन, लिङ्ग, पुरुष र आदरसँग क्रियापदको मेल गराएर बोल्न र लेख्न,

२३) शब्दभण्डार वृद्धि गर्न ।

(प्राथमिक शिक्षा पाठ्यक्रम, २०६४)

**विधाको क्षेत्र र क्रम**

तालिका

| क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| सुनाइ | - निर्देशन<br>- प्रश्नोत्तर, कुराकानी छलफल<br>- बालगीत, कथा, विद्युतीय सञ्चार साधनका कार्यक्रम | - निर्देशन, अनुरोध<br>- प्रश्नोत्तर, कुराकानी छलफल, वर्णन<br>- बालगीत, कथा<br>- विद्युतीय सञ्चार साधनका कार्यक्रम आदि । |
| बोलाई | -स्वभाविक बोलाई<br>-शिष्टाचारका शब्द<br>-कुराकानी, सोधपुछ, प्रश्नोत्तर छलफल , वर्णन, संवाद, अभिनय<br>-बालगीत, बालकथा, गाउँखाने कथा, चुड्किला आदि | -स्वभाविक बोलाइ<br>-शिष्टाचारका शब्द<br>-कुराकानी सोधपुछ प्रश्नोत्तर, छलफल, वर्णन, संवाद अभिनय, उद्घोषण ,<br>-बालगीत, बालकथा, गाउँखाने कथा, चुड्किला आदि । |
| पढाइ | -साधरण सूचना , विवरण, चिठीपत्र समाचार<br>-पोस्टर, भित्तेपात्रो<br>-सरल बालसाहित्य आदि | -साधारण सूचना विवरण चिठीपत्र, निवेदन, समाचार<br>-पोष्टर, भित्तेपात्रो<br>-सरल बालसाहित्य आदि |
| लेखाइ | -चित्र तथा वस्तुवर्णन<br>-अनुलेखन<br>-हिज्जे<br>-श्रुतिलेखन<br>-निर्देशित रचना<br>-स्वतन्त्र रचना<br>-चिन्ह प्रयोग | -चित्र, वस्तु तथा अनुभव वर्णन,<br>-अनुलेखन<br>-हिज्जे<br>-श्रुतिलेखन<br>-निर्देशित रचना<br>-स्वतन्त्र रचना<br>-चिन्ह प्रयोग |
| कार्यमूलक व्याकरण | पद सङ्गति<br>क्रियाका काल | पद सङ्गति<br>क्रियाका काल |

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६४

# अध्याय तीन : रूपक विधाको सैद्धान्तिक परिचय

## ३.१ रूपक शब्दको व्युतपत्ति

रूपक शब्द संस्कृत तत्सम शब्द हो । सँस्कृत भाषाको 'रूप' धातुमा 'ण्लुव' प्रत्यय लागेर त्यसको स्थानमा 'अक' आदेश हुँदा रूपक शब्द बनेको हो । संस्कृत साहित्यमा रूपक शब्दको अर्थ दृश्य साहित्यसँग सम्बन्धित रहेको छ । उक्त साहित्यमा रूपको आरोप गर्नुलाई रूपक र अवस्था विशेषको अनुकरण वा आरोप गर्नुलाई नाटक भनिएको छ । भरतमुनिले उनको ग्रन्थ नाट्यशास्त्रमा रूपकका दश भेद बताएका छन् । साहित्यदर्पणकार विश्वनाथको 'साहित्यदर्पण' भन्ने ग्रन्थमा 'तद्‌रूपारोपातु रूपकम्' भनिएको छ । यसको अर्थ दृश्य काव्यमा अभिनेता अभिनेत्रीमा रामादि र सितादि नायक नायिकाको रूपको आरोप गरिने हुनाले यसलाई रूपक भनिन्छ । रूपकका १० ओटा भेद र १८ ओटा उपभेद हुन्छन् भनी भरतमुनि तथा विश्वनाथले उल्लेख गरेका छन् । १० ओटा भेदअन्तर्गत निम्न भेद रहेका छन् : नाटक, प्रकरण, भाण, प्रहसन, डिम, व्यायोग, समवकार, वीथी, अङ्क र ईहामृग (ढुङ्गेल र अन्य २०६१ : ८०) । यसैगरी अठारओटा उपभेद अन्तर्गत निम्न उपभेद पर्दछन् ।

वाटिका, त्रोटक, गोष्ठी, सट्टक, नाट्यरासक प्रस्थानका, उल्लाष्य, काव्य, प्रेक्षण, रासक, संलापक, क्षीगदित, शिल्पक, विलासिका, दुरमल्लिका, प्रकर्णिका, हल्लीस र भाणिक हुन् ।

खासगरी अर्काको व्यावहार, रूपाकृत, चरित्र, स्वभाव, आनीबानी, अनुकरण आदि विशेषताहरूको प्रभावपूर्ण रूपमा प्रस्तुति गर्नु नै रूपक हो । यसले कसैको भावना, संवेग र विचारको समेत प्रस्तुतीकरण गर्ने भएकोले भाषिक पक्ष एवम् भाषेत्तर पक्षको पनि मौलिक अनुकरण गरिन्छ अर्थात् रूपक विधामा मुखमुद्रा, अङ्ग सञ्चालन, हाउभाउ, इशाराको पनि उत्तिकै भूमिका हुने गर्दछ ।

भाषिक सीप हासिल गराउन प्रयोग गरिने भाषा पाठ्यक्रमका विधामध्ये रूपक विधा पनि एक हो । यस विधाअन्तर्गत नाटक, एकाङ्की, वादविवाद, मनोवाद, वक्तृता, संवाद आदि विधा समावेश गरिन्छ । स्वभाविक गतिका साथ हाउभाउपूर्ण ढङ्गले बोल्ने सीपको विकास गराउन उक्त विधाहरू निकै महत्त्वपूर्ण हुने गर्दछन् । तसर्थ रूपक अन्तर्गतका नाटक एकाङ्की आदिलाई तल केलाउने प्रयत्न गरिएको छ ।

### ३.१.१ नाटकको परिचय

साहित्यका विभिन्न विधाहरूमध्ये सबैभन्दा पुरानो र समृद्ध विधाको रूपमा नाटकलाई लिइन्छ । 'नाटक' नेपाली भाषामा संस्कृत भाषाबाट आएको तत्सम् शब्द हो । यस शब्दको निमार्ण 'नट' धातुमा अक प्रत्यय लागेर बनेको हो । नाटकको शाब्दिक अर्थ रसाभिनय गर्नु भन्ने हुन्छ । त्यस्तै गरी यो साहित्यको दृश्य विधाअन्तर्गत पर्दछ । 'नट' धातुले नाच र अभिनय भन्ने अर्थ दिने गर्दछ । यस अर्थमा पनि नाटक अभिनयमूलक विधा हो । नाटकको प्रस्तुति दर्शकहरू समक्ष प्रत्यक्ष रूपमा गरिन्छ । "खासगरी एउटै मूल विचार, भाव, घटनाको वा जीवनको एक पक्षसँग सम्बद्ध छोटो अभिनेय र संवादात्मक संरचनालाई एकाङ्की भनिन्छ" (आचार्य, २०६६:४६७) ।

यसैगरी नाटकको पर्यायवाची शब्दको रूपमा Drama शब्दको पनि प्रयोग गरिन्छ । Drama ल्याटिन भाषामा Dram धातुबाट बनेको हो । ल्याटिन भाषामा Dram को अर्थ अनुकरण वा अभिनय भन्ने हुन्छ (भण्डारी र अन्य, २०६१ : १) । तसर्थ अभिनय गुण रहेको साहित्यिक रचना विशेष नै नाटक हो भन्ने कुरा प्रष्ट हुन आउँछ ।

निष्कर्षमा भन्नुपर्दा साहित्यका अन्य विधाहरू लेखक - पाठकसम्बद्ध द्विआयामिक रहेको परिप्रेक्ष्यमा नाटक नाटककार, रङ्गकर्मी र प्रेक्षक तीनवटै पक्षसँग सम्बद्ध रही त्रिआयामिक बन्न पुगेको देखिन्छ । यही त्रिआयामिक स्वरूप हुने अभिनेय-दृश्य तथा पाठ्य-श्रव्य सबै विशेषताहरू रहने भएकाले एवम् जो सुकैका लागि पनि बोधगम्य हुने यसलाई साहित्यको सबैभन्दा प्रभावकारी विधाका रूपमा स्वीकार गरिएको छ ।

#### ३.१.१.१ पूर्वीय एवम् पाश्चात्य विद्वान्का भनाइमा नाटक

नाटकलाई चिनाउने क्रममा पूर्वीय एवम् पाश्चात्य साहित्यकारहरूले आ-आफ्नै ढङ्गले परिभाषित गरेका छन् जुन यस प्रकार छन् :

१. 'तीनवटै लोकका भावको अनुकरण नाटक हो' -भरतमुनि

२. 'विभिन्न अवस्थाको अनुकरण नाटक हो ।' - धनञ्जय

३. 'नाटकमा सत्व, रज र तम तीनवटै गुणको समावेश हुन्छ । अतएवं विभिन्न रुचि भएका मानिसलाई समान रूपले आनन्द दिने एकमात्र माध्यम नाटक हो ।' - महाकवि कालिदास

४. 'नाटकले जीवनको अनुकरण गर्दछ र यो वर्णनात्मक नभएर अभिनेयात्मक हुन्छ ।' - एरिस्टोटल

५. 'नाटक मानवजीवनको अनुकरण र रीतिहरूको दर्पण हो ।' -सिसेरो

६. 'नाटक प्रकृति प्रतिविम्वित हुने दर्पण हो ।' - भिक्टर ह्युगो

७. 'काव्यको सर्वगुण संयुक्त खेललाई नाटक भनिन्छ ।' - भारतेन्दु हरिश्चन्द्र

८. 'नाटक देश, काल र वातावरण विशेषसँग सम्बन्धित नरनारीको जीवनलाई अभिनेता अभिनेत्रीहरूद्वारा वार्तालाप र कार्यका भरमा अभिनय गरी देखाइने कला हो ।' -केशवप्रसाद उपाध्याय

माथिका परिभाषाका आधारमा नाटकलाई यसरी परिभाषित गर्न सकिन्छ : 'संवाद र कथोपकथनका माध्यमबाट मानव जीवनका विभिन्न कार्यकलापहरूको अनुकरण गरी अभिनयमूलक ढङ्गमा पाठक वा दर्शकका निम्ति मनोरञ्जन प्रदान गर्नुका साथै मार्गनिर्देश प्रदान गर्ने साहित्यिक विधालाई नाटक भनिन्छ' । कथावस्तु, पात्र, संवाद, भाषाशैली, वातावरण र उद्देश्य नाटकका तत्त्वहरूको रूपमा रहेका छन् ।

### ३.१.२ एकाङ्की

एकाङ्की शब्दको निर्माण एक+अङ्की बाट भएको पाइन्छ (ढुङ्गेल र अन्य २०६१ : १३७) । यस अर्थमा एक अङ्कको नाट्यविधालाई एकाङ्की भन्न सकिन्छ । यसैगरी एकाङ्कीलाई अङ्ग्रेजीमा One act play भन्ने गरिन्छ (ढुङ्गेल र अन्य २०६१ : १३७) । One act play को अर्थ पनि एक अङ्क (कार्य) भएको नाटक हुने गर्दछ । समान प्रकृतिका यी दुबै आधारहरूले एउटा मात्र घटना विशेषको प्रस्तुति रहेको नाट्यविधा नै एकाङ्की हो भन्ने कुरा देखाएका छन् ।

एकाङ्की पाश्चात्य साहित्यको नवीन विधा हो । यसमा थोरै समयमा मानव जीवनको झाँकी प्रस्तुत गर्ने कार्य हुन्छ । द्रुतगतिमा चरित्रको वाञ्छित पक्षको प्रस्तुतिपछि कार्यलाई परिणतितिर अग्रसर गर्नु एकाङ्कीको लक्ष्य हुन्छ । एकाङ्कीको कथाकथनमा घनत्त्व र केन्द्रियता महत्त्वपूर्ण तत्त्वको रूपमा विद्यमान रहन्छ । घटना विशेषको प्रस्तुति एकाङ्कीमा हुने भएकाले आख्यानात्मकता, एउटा मात्र घटनाको प्रस्तुति हुने भएकाले सङ्क्षिप्तता,

नाट्य विधा भएकाले अभिनेयात्मकता र संवादात्मकता एकाङ्कीका विशेषताका रूपमा देखिन्छन् । जीवनको कुनै खास पाटोमा सम्बद्ध निश्चित भाव र विचारले भरिपूर्ण, छोटो एवम् अभिनयमूलक र संवादात्मक संरचनामा एकाङ्की उनिएको हुन्छ । यसमा घटना, विषय र चरित्रको विस्तार हुँदैन । तिनीहरूको एक पक्ष मात्र उद्घाटन गरिएको हुन्छ ।

संस्कृत साहित्यमा भासको समयदेखि नै एकाङ्की लेखनको परम्परा रहेको पाइन्छ । यस साहित्यमा रूपक अन्तर्गतका अङ्क, भाण, व्यायोग, वीथी , प्रहसन र उपरूपक अन्तर्गतका गोष्ठी, नाट्य परासक, उल्लाष्य, काव्य, विलासिका आदि एकाङ्कीका समकक्षी मानिन्छन् ।

एकाङ्कीलाई चिनाउने क्रममा विभिन्न विद्वान्हरूले आ-आफ्नै ढङ्गले परिभाषित गरेका छन् । तल केही विद्वान्हरूको परिभाषालाई उल्लेख गरिएको छ ।

### ३.१.२.१ एकाङ्कीका परिभाषाहरू

क) 'एक अङ्क मात्र हुने एक प्रकारको दृश्यकाव्य' एकाङ्की हो -बृहत् नेपाली शब्दकोश

ख) 'आफ्नो प्रकृति र माध्यमको कठोर नियन्त्रणले गर्दा एउटै घटना वा स्थितिमा एकाङ्कीले विकसित रूप लिन्छ' । -वाल्टर रिचर्ड एटन

ग) 'एकाङ्कीमा जीवनको क्रमबद्ध विवेचना नभएर खाली एउटा समस्या, एउटा महत्त्वपूर्ण घटना, एउटा विशेष परिस्थिति वा कुनै एक उद्दीप्त क्षणको चित्रणमात्र हुन्छ ।' -डा. नगेन्द्र

घ) 'कथ्यको एकोन्मुखता भएको आख्यानपरक, अभिनेय र संवादात्मक लघु संरचनालाई एकाङ्की भनिन्छ ।' - मोहनराज शर्मा

माथि वर्णित एकाङ्की सम्बन्धी परिभाषाबाट यहाँ एकाङ्कीलाई यसरी चिनाउन खोजिएको छ ।

मानव जीवनका विविध घटना वा समस्याहरूमध्ये कुनै एउटा घटना वा समस्या उद्घाटनका निम्ति तयार गरिएको छोटो, अभिनेयमूलक हुनाका साथै स्वतन्त्र किसिमको संवादात्मक रचना एकाङ्की हो ।

### ३.१.२.२ एकाङ्कीका तत्त्वहरू

एकाङ्कीका संरचक अङ्गहरू नै यसका तत्त्वहरू हुन् । यी तत्त्वहरू यस प्रकार छन् ।

**क) कथानकः**

एकाङ्कीको मेरुदण्ड नै कथानक हो । विभिन्न विषयमा सन्तुलित एवम् समुचित घटनाको अभिव्यक्तिलाई यसका कथावस्तुले उनेको पाइन्छ । एकाङ्कीको कथावस्तुमा तीव्रता, सङ्क्षिप्तता, एकाग्रता र उद्‌देश्योन्मुखताको प्राधान्य रहन्छ । एकाङ्कीमा आदि, मध्य र अन्त्यको सुगठित श्रृङ्खलाबद्ध प्रस्तुति हुनुपर्दछ ।

**ख) पात्रः**

एकाङ्कीको कार्यव्यापारलाई सुगठित र व्यवस्थित रूपमा विकसित गराउने व्यक्ति विशेषलाई चरित्र भनिन्छ । नाटकीय वस्तुलाई गतिशील र सुव्यवस्थित ढङ्गले सर्वाङ्गीण विकास गराउन चरित्रको महत्त्वपूर्ण भूमिका हुने गर्दछ ।

एकाङ्कीमा पात्रहरूको सङ्ख्या सीमित हुनाका साथै सजीव, आकर्षक एवम् द्वन्द्व सिर्जना गरी दर्शकलाई भावविह्वल बनाउन सक्ने हुनुपर्दछ । एकाङ्कीमा प्राय दुई तीन देखि ५/६ जना सम्म पात्र रहनु पर्दछ । अनावश्यक मात्रामा पात्रहरूको भीड हुँदा एकाङ्की बोझिलो एवम् भाषिक सीपका लागि कम रुचिकर बन्न पुग्दछ ।

**ग) संवाद**

कथानक र चरित्रलाई गतिशील, जीवन्त एवम् प्रभावोत्पादक बनाउने माध्यम संवाद हो । संवादमा स्वभाविकता, रोचकता एवम् सहजता हुनु आवश्यक छ । एकाङ्कीको संवाद सरल तथा सुबोध एवम् पात्रको आन्तरिक मनोभाव प्रकट गर्न सक्ने हुनुपर्दछ । यसका साथै पात्रको बौद्धिक स्तर, परिवेश एवम् देशकाल वातावरण अनुकूल हुनुपर्दछ ।

**घ) देशकाल वातावरण :**

देश, काल र परिवेशको समुच्चयलाई वातावरण भनिन्छ । कार्य-स्थिति, पात्र-परिस्थिति र काल-सापेक्षताको अनुकूल समग्र वातावरणको निर्माण हुनु अनिवार्य हुन्छ । एकाङ्कीमा सीमित ठाउँ, समय र वातावरणको चित्रण गरिएको हुन्छ ।

### ङ) उद्देश्य/विचार

नाटकको अनिवार्य र महत्त्वपूर्ण तत्त्वको रूपमा उद्देश्यलाई लिइन्छ । उद्देश्य प्राप्तिकै लागि एकाङ्कीमा कथानक, पात्र, परिवेश आदिको संयोजन गरिएको हुन्छ । प्रेक्षक वा पाठकलाई कलात्मक प्रभावऐक्य प्रदान गर्नु एकाङ्कीको उद्देश्य हो । उद्देश्यमा एकोदेश्यता हुनुपर्दछ । जीवनको कुनै मार्मिक क्षणलाई नाटकीय स्थितिमा जीवन जगतको परिवेशमा ठड्याई घटनालाई संवेद्यताले भरेर आफ्नै किसिमले एकैपल्ट हेर्न सकिने उद्देश्य भएको हुनुपर्दछ । विशेषगरी जीवनको मार्मिक क्षण त्यसको जटिलता अनि समस्यागत स्वरूप आदिले जीवनबारे केही नयाँ अनभूति गराउन सक्नु नै एकाङ्कीको उद्देश्य हुन्छ । एकाङ्कीको उद्देश्य प्रत्यक्ष नभएर अप्रत्यक्ष हुनु अझ उपयुक्त देखिन्छ ।

### च) अभिनेता

एकाङ्कीको रचना रङ्गमञ्चमा प्रदर्शनका लागि गरिने हुनाले अभिनेयता महत्त्वपूर्ण तत्त्व हो । यो दुष्य विधा भएकोले अभिनयविना एकाङ्कीको औचित्य रहदैन । यो दृश्य विधा भएकोले यसको सफलता अभिनय-कौशलमा निर्भर रहन्छ । अभिनयको सफलताका लागि कुशल र सार्थक वातावरण सिर्जना, मञ्चको योजना, प्रकाश व्यवस्था, कलात्मक सज्जा आदिको आवश्यकता पर्दछ । सामान्यतः एकाङ्की ५ देखि ४५ मिनेट सम्मको हुन सक्दछ । केन्द्रिय उद्देश्य तथा योजनाका आधारमा एकाङ्कीमा एक वा एक भन्दा बढी दृश्यहरूको योजना हुन सक्छ । एक दृष्यको एकाङ्कीमा सम्पूर्ण घटनाक्रम एउटै नै स्थान र त्यसको मञ्चीय आयोजना अनुसार एउटै समयमा सम्भव हुन्छ । एक भन्दा बढी दृश्य भएको एकाङ्कीमा दृश्य विधानको भेद अनुसार मञ्च सज्जामा परिवर्तन अपेक्षित हुन्छ ।

### छ) भाषाशैली

एकाङ्की भाषाकै माध्यमबाट प्रस्तुत गरिने भएकाले भाषाशैली एकाङ्कीको अनिवार्य तत्त्व हो । सीमित पात्र, समय र कार्यमा एकाङ्कीकारले आफ्नो लक्ष्य सिद्ध गर्नुपर्ने हुनाले एकाङ्कीमा प्रयोग गरिने भाषा स्पष्ट, सन्तुलित, स्वभाविक, सरल र प्रेक्षकका लागि सुबोध्य हुनुपर्दछ । पाठक र दर्शकको मानसिक र बौद्धिक क्षमता अनुकूल भाषा प्रयोग गर्नुपर्दछ । त्यस्तैगरी शैलीमा पनि सङ्क्षिप्तता, विशिष्टता, हृदयस्पर्शी र मार्मिकता हुनुपर्दछ । देशकाल वातावरण अनुरूपको भाषाशैलीले मात्र एकाङ्कीलाई जीवन्तता प्रदान गर्दछ ।

### ३.१.३ संवाद

खास विषयमा दुई वा सोभन्दा बढी व्यक्तिका बीचमा परस्पर विचार आदान-प्रदान गर्नु नै संवाद हो । दुई पक्षका बीचको कुराकानी, बातचीत, वार्तालाप, कथोपकथन वार्तालाई संवाद भनिन्छ । संवादको थालनी विन्दुमा दुई पक्षका बीचमा विचारमा एकाकार पाइदैन अर्थात् एक पक्षको विचारमा अर्को पक्ष अन्योलग्रस्त रहेको हुन्छ । विस्तारै सिलसिलावद्ध ढङ्गले संवाद अघि बढ्ने क्रममा विविध उदाहरण, तर्क गर्दै अन्त्यमा एउटै विचार र एउटै निष्कर्षमा दुबै पक्ष पुग्ने कार्य संवादमा हुने गर्दछ । सुनाइ र बोलाइ दुबै सीपलाई टेवा पुऱ्याउने माध्यम संवाद भाषा पाठ्यक्रमका लागि अत्यन्त उपयोगी हुने गर्दछ । संवाद सङ्क्षिप्त, सरल, स्पष्ट, अर्थपूर्ण सन्देशमूलक तथा शिक्षाप्रद हुनुपर्दछ ।

### ३.१.४ मनोवाद :

मूक, आन्तरिक द्वन्द्वात्मक अभिनययुक्त साहित्यिक रचनालाई मनोवाद भनिन्छ । यसलाई स्वगतकथन वा एकलाप पनि भनिन्छ । पात्रले खास प्रसङ्ग वा घटनामा आफैँले अनुभव गरेका र त्यस अनुभवका क्रममा उसका मनमा चलेको उथलपुथल र सांवेगिक क्रियालाई उद्घाटन गर्ने काम मनोवादले गर्दछ ।

मनोवादलाई संवाद तथा कुराकानीबाट छुट्याउने ठोस आधार मूक अभिनय हो । यसमा खास घटनाका अनुभवकर्ताको मनस्थितिलाई भाषाविना मूक रूपमा हाउभाउ, मुखमुद्रा आदि आङ्गिक र आहार्य अभिनयद्वारा प्रकट गर्न सकिन्छ ।

खासगरी मनोवादले भाषा सिकाइमा ठूलो टेवा पुऱ्याएको हुन्छ । व्यक्तिको मनमा उब्जेका विचार स्वभाविक ढङ्गले लेखिएका यस्ता मनोवादले उसका निजी विचार, भावना, धारणा आदि बुझ्न मद्दत पुग्दछ भने अर्कातर्फ आफ्ना निजी विचार, धारणा, अनुभव आदिलाई समेटेर कलात्मक ढङ्गले लेख्ने सीपको पनि विकास गराउन सकिन्छ ।

### ३.१.५ वादविवाद :

"पक्ष र विपक्षको समूहमा बाँडिएर खास विषयमा एक-अर्काको तर्कको खण्डन गर्दै गरिने छलफल, आफ्नो पक्षलाई उत्कृष्ट सिद्ध गर्न खोज्ने मौखिक अभिव्यक्तिको एक सीप वादविवाद हो" (अधिकारी हेमाङ्गराज र बद्रिविशाल भट्टराई, २०६१:९०१) ।  वादविवादको

अर्थ खण्डनमण्डन, तत्त्व निरूपणका निमित्त गरिने तर्क वितर्क वा बाझाबाझ भन्ने बुझिन्छ । कुनै निश्चित विवादास्पद विषयमा पक्ष र विपक्षका बीचमा गरिने तर्कपूर्ण प्रस्तुतीकरण नै वादविवाद हो । यस कार्यमा आफ्नो विपक्षी विचारको खण्डन गर्ने, असहमति जनाउने, तर्क दिने तथा आफ्ना समपक्षीय विचारको मण्डन वा अनुसमर्थन गर्ने प्रक्रिया अपनाइन्छ । यसरी वादविवादमा पक्ष र विपक्षको सिर्जना गरी तार्किक कुराहरू विवेकपूर्ण ढङ्गले अघि सारिन्छ । यो आघात्मक प्रकृतिको हुने गर्दछ । यस अर्थमा वादविवादलाई विश्लेषणात्मक तार्किक गफको संज्ञा पनि दिन सकिन्छ । यसमा खण्डन मण्डन ओजपूर्ण वक्तृत्व शिल्पको उच्च स्थान हुने गर्दछ ।

भाषाको मौखिक पक्षसँग निकट रहेको यस वादविवादलाई कक्षाकोठामा प्रायोगिक ढङ्गले सञ्चालन गर्न सकिन्छ । यसबाट विद्यार्थीहरूमा शिष्टता, कलात्मकता, प्रभावकारिता, भाषिक मिठास आदिको अपेक्षा गर्न सकिन्छ ।

### ३.१.६ वक्तृता

वक्तृता भन्नाले भाषण गर्ने खुबी वा चतुऱ्याइँ भन्ने बुझिन्छ । कुनै निश्चित विषय वा शीर्षकमा आधारित भएर आफूले भोगेका, अनुभव गरेका तथा जानकारीमा आएका तथ्यहरूको प्रभावकारी ढङ्गले श्रोतासमक्ष प्रस्तुत गर्ने वाककौशल अथवा सीपपूर्ण बोलाइलाई वक्तृता भनिन्छ । तोकिएको विषयवस्तु र समय सीमाभित्र रहेर आफ्ना ओजपूर्ण तर्कहरू राखेर भनाइको पुष्टि गर्ने कार्य यसमा हुने गर्दछ । यस कार्यकलापले गर्दा सिकारुको सिर्जनात्मक क्षमताको विकास हुने, भाषण कलामा वृद्धि हुने, तर्कको पुष्टि गर्ने, सम्बोधन कला, हाउभाउ, कलात्मक शैली र शुद्ध भाषा प्रयोग गर्ने सीपको विकास हुने गर्दछ ।

वादविवाद जस्तै यसमा पनि विषय शीर्षक, संरचना, वक्ता, उद्देश्य, समय सम्बोधन जस्ता तत्त्वहरूको विशेष ख्याल राख्नु पर्दछ तर वादविवाद खण्डनमण्डन गर्ने प्रकृतिको हुन्छ भने वक्तृता एकलापीय हुन्छ । वक्तृताको प्रस्तुति आदि मध्य र अन्त्यको ढाँचामा औपचारिक एवम् अनौपचारिक रूपमा प्रस्तुत गर्न सकिन्छ । जे होस् हाउभाउ एवम् शुद्ध भाषाको प्रयोग गरी कलात्मक ढङ्गले बोल्ने सीपको विकासका लागि वक्तृताको महत्त्वपूर्ण भूमिका हुने गर्दछ ।

## ३.२ कक्षा पाँचमा रूपक शिक्षण गर्नुको प्रयोजन

भाषा सिकाइमा सरलता सहजता ल्याई भाषिक सीपहरू प्राप्तिका लागि कथा, कविता, संवाद, वादविवाद निबन्ध जस्ता विधाहरू भाषा पाठ्यपुस्तकमा समेटिएका हुन्छन् । यी विभिन्न विधाहरूको खास खास प्रयोजन रहने गर्दछ । प्राथमिक तह भाषा सिकाइको प्रारम्भिक तह भएको कारण यस तहदेखि नै कथा, कविता, निबन्ध, चिठी जस्ता विधा जस्तै रूपक विधालाई पनि समेटिएको पाइन्छ । रूपक विधाको उद्देश्य गति, यति एवम् हाउभाउ सहित कलात्मक ढङ्गले बोलाइ सीपको विकासमा निपुण बनाउनु रहेको छ । यसका साथै अर्काको आनीबानी, व्यावहार, बोलीचाली ढङ्गढाँचाको दुरुस्त अनुकरण गर्ने सीपको विकास गराउनु हो । यस अर्थमा भाषाका चार सीपमध्ये रूपकको प्रत्यक्ष र सोझो सम्बन्ध बोलाइ सीपसँग रहेको पाइन्छ ।

प्राथमिक तहका बालबालिकाहरूका लागि नाटक एकाङ्की आदि विधा उपयुक्त हुन सक्दैन किनकी उक्त विधा बालबालिकाहरूको स्तरभन्दा जटिल बन्न पुग्छन् । त्यसकारण रूपक विधा अन्तर्गत सबैभन्दा उपयुक्त विधा संवाद नै हो ।

बालबालिकाहरूकै अनुभवको सेरोफेरोमा रहेका विषयवस्तुलाई उनीहरूकै तहको भाषाशैली, वाक्यगठन, शब्दभण्डार आदिको प्रयोग गरी छोटो आयाममा तयार गरिएका संवादलाई उनीहरूले स्वभाविक गतिको साथ हाउभाउ, मुखमुद्रा र अङग सञ्चालन गरी बोल्ने सीपमा निकै टेवा पुऱ्याउछ । बोल्नका लागि लजाउने, धक मान्ने बालबालिकाहरूको बानीमा सुधार ल्याई कलात्मक ढङ्गले बोल्ने सीपको विकास गराउन एवम् अभिनय सीपका लागि आधार खडा गर्न समेत मद्दत पुग्दछ । यसबाट निपात, साना साना टुक्का संयोजक आदिको प्रयोग गरी मिठासपूर्ण रूपले बोलीको विकास गराउनका साथै शब्दभण्डार क्षमता विकास गर्न सकिन्छ ।

## ३.३ प्राथमिक तहमा रूपक शिक्षणका विधिहरू

प्राथमिक तह भाषा सिकाइको प्रारम्भिक तह भएका कारण यस तहमा रूपक शिक्षण गराउदा विद्यार्थी केन्द्रित विधिको प्रयोग गर्नुपर्दछ । रूपक विधाको मुख्य उद्देश्य मौखिक अभिव्यक्ति क्षमताको विकास गर्नु भएकोले बालबालिकाहरूलाई प्रत्यक्ष रूपमा मौखिक कार्यालकलापमा सहभागी गराएर शिक्षण गरेको खण्डमा मात्र अपेक्षित उद्देश्य प्राप्त गर्न

सकिन्छ । समग्रमा यस तहमा रूपक शिक्षण गर्दा अपनाउन सकिने विधिहरू यस प्रकार छन् :

**क) कक्षा अभिनय विधि**

यस विधिमा रूपक विधाका पाठहरूलाई कक्षाकोठाभित्र अभिनयात्मक ढङ्गले प्रस्तुत गराइन्छ । संवादमा प्रयुक्त पात्रहरूको भूमिका तोकिदिएर गति, यति, हाउभाउ मिलाएर सस्वर वाचनको अभ्यास गराउन सकिन्छ ।

**ख) रङ्गमञ्च अभिनय विधि**

कक्षा अभिनय विधिमा पटक पटक अभ्यास गराएपछि औपचारिक कार्यक्रमका रूपमा पनि अभिनय गराउन सकिन्छ । यसबाट विद्यार्थीहरूमा प्रतिस्पर्धात्मक भावना सिर्जना भइ बोलाइ सीपमा थप दक्षताको विकास हुने गर्दछ ।

**ग) आदर्श नाट्य विधि**

शिक्षकले संवाद वा वादविवादमा प्रयुक्त सबै पात्रको अभिनय आवश्यकता अनुसार ध्वनि परिवर्तन गरेर तथा अङ्गप्रत्यङ्गको सञ्चालनद्वारा सबै पात्रको आभास हुने गरी सस्वरवाचन गर्दछन् । यस विधिलाई प्राथमिक तहमा छुट्टै विधिका रूपमा प्रयोग नगरी अन्य सबै विधिको थालनी गर्नूभन्दा पहिले उदाहरण एवम् नमुना प्रदर्शन गर्न मात्र उपयुक्त हुने देखिन्छ ।

# अध्याय चार : कक्षा पाँचको मेरो नेपाली र सजिलो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको रूपक विधाको तुलनात्मक अध्ययन

## ४.१ परिचय

यो अध्याय शोधपत्रसँग सम्बन्धित अध्याय हो । यस अध्यायमा विश्लेषण गरिने पाठहरूको पाठगत अध्ययन, भाषिक सीपका आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । यस शोधपत्रमा कक्षा पाँचको 'मेरो नेपाली' किताब र सोही कक्षाको 'सजिलो नेपाली माला' किताबमा समावेश गरिएका रूपक विधाका पाठहरू मात्र पर्दछन् ।

## ४.२ दुबै पाठ्यपुस्तक भित्र समाविष्ट रूपक विधाका पाठहरूको विषयवस्तुगत अध्ययन

### ४.२.१ बाल दिवस संवादको अध्ययन

'बाल दिवस' संवाद नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित मेरो नेपाली किताबमा समावेश गरिएको संवाद हो । बाल दिवस कसरी मनाउने भन्ने विषयमा सामान्य छलफलबाट उठान भएको यस संवादले बालबालिकाहरूको हक अधिकारका खातिर स्वयम् उनीहरू नै जागरूक बन्नुपर्छ भन्ने निष्कर्षमा पुगेर संवादको अन्त्य भएको छ । गाउँघर, विद्यालयमा हुने शारीरिक, मानसिक एवम् संवेगात्मक हिंसा र दुर्व्यवहारबाट मुक्त भएर आफ्नो अधिकार प्राप्तिका लागि बालबालिका स्वयम् जागरूक हुनुपर्दछ । यसका लागि संवादका पात्रहरूले समाजलाई पनि सो अधिकार प्राप्तिका खातिर झक्झक्याउने प्रतिबद्धता जनाएका छन् ।

#### ४.२.१.१ शीर्षक :

यस संवादको शीर्षक बाल र दिवस गरी दुई अक्षरले बनेको छ । बालको अर्थ १६ वर्ष मुनिका केटाकेटी र दिवसको अर्थ खास दिन भन्ने हुन्छ । यस अर्थमा बाल दिवस भनेको बालवालिकाहरूको हक अधिकार स्थापित गराउने विशेष दिन भन्ने हुन्छ । संवादको विषयवस्तु पनि शीर्षकको सेरोफेरोमै केन्द्रित भएकोले शीर्षक र विषयवस्तु बीच तादात्म्य रहेको पाइन्छ अर्थात् बालबालिकाहरूको विद्यालयमा गरिएको संवादको विषयवस्तु बाल अधिकारको केन्द्रविन्दुमा रहेर अगाडि बढेको हुनाले शीर्षक अनुकूल मान्न सकिन्छ ।

### ४.२.१.२ विषयवस्तु

यस संवादको विषयवस्तु बाल अधिकारमा केन्द्रित रहेको छ । बालबालिकाहरूलाई घर विद्यालय सबै ठाउँमा मित्रवत् व्यावहार गरी उनीहरूको मन जित्न सक्नुपर्छ । विशेषगरी बालबालिकाहरूको भाग्य र भविष्य निमार्णको थलो विद्यालयको वातावरण सौहार्दपूर्ण बनाई पढाइ लेखाइका अतिरिक्त उनीहरूलाई मनपर्ने कार्यक्रमहरू सञ्चालन गर्न मद्दत पुऱ्याउनु पर्दछ । तसर्थ सबै प्रकारका हिंसाबाट मुक्त गरी पोसिलो आहार, स्वास्थ्य, शिक्षा, मनोरञ्जन आदि हक अधिकार सुनिश्चित गरी बाल अधिकारलाई व्यावहारमा रूपान्तरण गर्नुपर्छ भन्ने कुरा यस संवादको विषयवस्तु हो । वर्तमान सन्दर्भमा बालबालिकाहरूको अवस्था चित्त बुझ्दो नभएकाले बालबालिकाहरू पनि स्वयम् जागरूक बनेर आफ्नो हक स्थापित गर्न अगाडि बढ्न खोजेको विषयवस्तु यस संवादमा अगाडि सारिएको छ ।

### ४.२.१.३ चरित्र

यस संवादमा सुस्मिता, दोर्जे, वीरबहादुर र अनुपमा गरी चार जना पात्रहरू रहेका छन् । संवादका सम्पूर्ण पात्रहरू गतिशील र सक्रिय रहेका छन् । यिनीहरूको चरित्रलाई अलग अलग रूपमा तल विश्लेषण गरिएको छ :

**क) सुस्मिता :**

सुस्मिता यस संवादलाई उठान गर्ने बालिका हो । बाल दिवस कसरी मनाउने भनेर दोर्जे, वीरबहादुर, अनुपमाको बाल दिवसतर्फ ध्यानाकर्षण गरेकी छे । यसैगरी बाल दिवस कसरी मनाउने भन्ने विषयमा बालबालिकाहरूले नै निर्णय गर्नुपर्छ भन्ने अनुपमाको विचारप्रति पूर्ण रूपमा सहमति जनाएकी छे । यस्तै अनुपमाले रेडियोबाट बाल अधिकारका बारेमा सुनेका गहकिला कुराहरूलाई जिज्ञासा राख्दै अन्य कुरा पनि भन्न उत्प्रेरित गरेकी छे । त्यतिमात्र होइन गाउँघरका बाल अधिकार हननका घटनालाई यसरी पहिचान गरेकी छे । “हाम्रो पल्लो घरमा त छोरालाई स्कुल पठाउने छोरीलाई काममा पठाउने गर्छन् । त्यो पनि त बाल अधिकारको हनन् भएन र ?” यसैगरी, गरिब, अशक्त एवम् अपाङ्गहरूको हक, अधिकारका पक्षमा आफूलाई स्थापित गरेकी छे । “गरिब, अशक्त, अपाङ्ग सबै खालका केटाकेटीहरूले उत्तिकै माया ममता र अवसर पाउनु पनि त बाल अधिकार होला हैन त ?” भन्ने अभिव्यक्तिले यस कुरालाई पुष्टि गरेको छ । निष्कर्षमा सुस्मिता चलाख, एवम्  आफूलाई

परिवर्तन गर्न सक्ने र समाजका बाल अधिकार हनन्का घटनालाई केलाउन सक्षम बाल पात्र हो ।

**ख) दोर्जे :**

यस संवादको बालपत्र दोर्जे संवादको सुरुवातमा अपरिपक्क, बाल अधिकारका विषयमा कम जानिफकार तथा अबोध पात्रको भूमिकामा उभिएको छ । “बाल दिवस कसरी मनाउने भन्ने कुरा त शिक्षकहरूले पो निर्णय गर्नुपर्दछ त” भन्ने अभिव्यक्तिले यस कुराको पुष्टि गरेको छ । यति भएर पनि बालबालिकाहरूलाई सबै प्रकारका हिंसाबाट मुक्त गरिनुपर्दछ भन्ने उसको धारणा रहेको छ । संवादको निष्कर्षमा बाल अधिकारका बारेमा छलफल तथा निबन्ध प्रतियोगिता सञ्चालन गरी उक्त दिवस मनाउने रचनात्मक सोच उसले निकाल्न सकेको छ । यस आधारमा ऊ सक्रिय, विवेकी एवम् गतिशील पात्रको रूपमा चित्रित छ । जे होस् गाउघरका बाल अधिकारका बारेमा कम जानिफकार बालबालिका तथा विद्यालयका शिक्षकलाई सर्वस्व ठान्ने अबोध विद्यार्थीको भूमिका उसले निभाएको छ । यसैगरी, “वास्तवमा हामीलाई घर, स्कुल सबै ठाउँमा मायालु व्यवाहर गरिनुपर्छ । पिट्ने, हप्काउने, गाली गर्ने जस्ता काम कसैबाट पनि हुनुहुँदैन” भन्ने बाल अधिकार सम्बन्धी गहन अभिव्यक्ति दिएको छ । तसर्थ ऊ यस संवादको गतिशील, चलाख एवम् दूरदर्शी पात्र हो ।

**ग) अनुपमा :**

अनुपमा यस संवादकी केन्द्रिय पात्र हो । संवादका अन्य पात्रभन्दा बढी जिज्ञासु, बाल अधिकार स्थापना गर्नका लागि अरूलाई जागरूक बनाउन सक्षम बालिका हो । घरदेखि विद्यालयसम्म बालबालिकाहरूले पाउने अधिकारका बारेमा रेडियोबाट प्राप्त थुप्रै जानकारीहरू प्रभावकारी रूपमा सहपाठीहरूलाई सञ्चार गरेकी छे । “बाल दिवसलाई सामान्य दिवसका रूपमा मात्र हेर्नु हुँदैन । बाल अधिकारलाई साँच्ची व्यावहारमा ल्याउन सक्नु बाल दिवस मनाउनुको सही अर्थ हुन्छ ।” भन्ने गहकिला भनाई पनि व्यक्त गरेकी छे तर अभिव्यक्ति तुलनात्मक रूपमा लामा तथा प्रौढ निकट भएर संवादमा केही अस्वभाविकता सिर्जना गरेको देखिन्छ । यसैगरी, “रेडियोले धेरै कुरा भनेको थियो । बालबालिकाहरूको चौतर्फी विकासका लागि पढाइ, लेखाइका साथै विभिन्न क्रियाकलाप पनि आवश्यक हुन्छन् । खेलकुद कार्यक्रम, सङ्गीत कार्यक्रम, कविता, निबन्ध आदि प्रतियोगिता, सांस्कृतिक कार्यक्रम आदि विभिन्न क्रियाकलापमा पनि विद्यार्थीले भाग लिनु

पर्ने कुरा रेडियोमा आएको थियो । बाल दिवससम्बन्धी यस किसिमका कुरा त मैले पहिले पनि सुनेकी थिए" भन्ने अभिव्यक्ति स्वभाविक प्रकृतिको नभएर उसको स्तर भन्दा माथिल्लो प्रकारको छ । त्यस्तैगरी, अभिव्यक्तिको आयाम पनि निकै लामो देखिएकाले यस्ता अभिव्यक्तिले कक्षा पाँचमा अध्ययनरत बालबालिकाहरूलाई अर्थग्रहण र अभिनय दुबैमा बाधा पुऱ्याउने स्थिति रहेको छ ।

**घ) वीरबहादुर :**

वीरबहादुर दोर्जेको विचारधाराको समानान्तर विचार बोकेको पात्र हो अर्थात् दोर्जे जस्तै बाल अधिकारप्रति कम जानिफकार पात्र हो । "हाम्रो काम त लेखपढ गर्ने हो ।" भन्ने अभिव्यक्तिले यस कुराको पुष्टि गरेको छ । साथीहरूले गरेका बाल अधिकारका गहकिला तर्कहरूमा  उसले उत्सुकता जनाएको छ । विस्तारै साथीहरूको अभिव्यक्तिबाट प्रभावित भएर आफ्नो विचारलाई साथीहरूको विचारमा रूपान्तरण गरेको छ । यस आधारमा उसलाई जिज्ञासु एवम् गतिशील पात्रको रूपमा हेर्न सकिन्छ । यसैगरी सुस्मिताको पल्लो घरमा भएको लैङ्गिक हिंसाप्रति आपत्ति जनाउदै त्यसको समाधानका लागि उपयुक्त विकल्प खोज्न सक्ने साहसी पात्र हो । "त्यो त ठाडै बाल अधिकारको हनन् भयो । तिम्रो पल्लो घरकी बहिनीलाई पनि स्कुल ल्याउनु पऱ्यो । उनका बाआमालाई सम्झाउन हाम्रा शिक्षकहरूलाई पनि पठाउनुपऱ्यो ।" भन्ने अभिव्यक्तिले यस कुरालाई पुष्टि गरेको छ ।

**४.२.१.४ संवाद :**

यस संवादमा प्रयोग गरिएका अभिव्यक्ति लामा तथा छोटा दुबै प्रकृतिका रहेका छन् । कक्षा पाँचमा अध्ययनरत बालबालिकाको स्तरलाई भन्ने मिचेको आभास पाइन्छ । सुस्मिता, दोर्जे र वीरबहादुरको अभिव्यक्ति स्वभाविक नै देखिए तापनि अनुपमाको संवाद प्रौढ निकट तथा स्तरीय भएकाले निकै अस्वभाविक देखिन्छ । "बाल दिवसलाई सामान्य दिवसका रूपमा मात्र हेर्नु हुन्न बाल अधिकारलाई साँच्ची नै व्यावहारमा रूपान्तरणमा ल्याउन सक्नु बाल दिवस मनाउनुको सही अर्थ हुन्छ" भन्ने अभिव्यक्ति बौद्धिकताले किचिएको एवम् स्तरभन्दा माथिल्लो प्रकृतिको देखिन्छ ।

### ४.२.१.५ परिवेश/वातावरण

प्रस्तुत संवादको परिवेश विद्यालयको कक्षाकोठाभन्दा बाहिरको खेल मैदान रहेको छ । कक्षाकोठाको प्रवेशद्वाराभन्दा अगाडि खुला मैदानमा चारजना बालबालिकाहरू बसेर संवाद अगाडि बढाएका छन् । यस्तै यस संवादका आधारमा परिवेश ग्रामीण रहेको पूर्वानुमान गर्न सकिन्छ । अनुपमाले बाल अधिकारका बारेमा प्राप्त गरेका जानकारीको माध्यम रेडियो मात्र भएको तथा पत्रपत्रिका लगायत अन्य कुनै पनि सञ्चारका माध्यमको चर्चा परिचर्चा नभएकोले संवादको परिवेश गाउँ हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ । लगभग २०/२५ मिनेट लामो संवाद भएको तथा घण्टी बजेपछि सम्पूर्ण पात्र कक्षाकोठामा प्रवेश गरेकोले टिफिन अर्थात् दिउसो १ देखि २ बजे भित्रको समय हो भन्ने निचोडमा पुग्न सकिन्छ ।

### ४.२.१.६ द्वन्द्व/सङ्घर्ष :

संवादलाई गतिशील र प्रभावकारी बनाउने काम द्वन्द्वले गर्दछ । यस संवादमा बाल दिवस बालबालिकाहरूको निर्णय अनुसार मनाउनु पर्दछ भन्ने सुस्मिता र अनुपमाको धारणा रहेको छ भने वीरबहादुर र दोर्जे उक्त निर्णय शिक्षकहरूको हो भन्ने पक्षमा देखिन्छन् । संवादको मर्म अनुसार उनीहरू बालबालिकाको निर्णयको पक्षमा उभिएर आफ्नो निर्णय पनि निकाल्न सक्षम भएकाले यस संवादको द्वन्द्व विरोध प्रतिरोधको रूपमा नभएर समझदारीमा टुङ्गिने प्रकृतिको एवम् गतिशील र प्रभवकारी रूपमा विकसित भएको छ ।

### ४.२.१.७ भाषाशैली :

यस संवादको भाषाशैली कक्षाको स्तरभन्दा माथि रहेको छ । बाल, दिवस, वर्ष जस्ता तत्सम् शब्दहरू बढी प्रयोग गरिएका छन् । पो, त, नि, न, नै जस्ता निपातले संवादमा मिठासपन ल्याउन खोजेको छ तर निर्णय, कार्यक्रम, चौतर्फी, सांस्कृतिक, स्वस्थ, पोसिलो, मनोरञ्जन, अशक्त, अपाङ्ग, संरक्षण जस्ता नयाँ शब्दहरूको सङ्ख्या बढी रहेकोले पनि भाषाशैलीका कोणबाट यस संवादमा अस्वभाविक देखिन्छ । बालबालिकाहरूको उमेर अनुसार बाल सुलभ शैलीको समेत अभाव देखिन्छ भने शब्दहरू पनि उनीहरूको अनुभवको सेरोफेरो भन्दा बाहिरबाट छनोट गरिएको छ । कतिपय संवाद सहज भए तापनि बाँकी वाक्यहरू लामा लामा, बौद्धिकताले भरिएका र स्तरीय भाषाको निकट रहेका पाइन्छ । खासगरी संवादकी केन्द्रिय पात्र अनुपमाका अभिव्यक्तिमा यस्तो अस्वभाविकता पाउन

सकिन्छ । तसर्थ कक्षा पाँचमा अध्ययनरत बालबालिकाहरूलाई यस संवादको अभिनय कार्यकलाप गराउँदा स्तरभन्दा माथिल्लो स्तरको भाषा र तह अनुसार मिठासपूर्ण शैलीको अभावका कारण शिक्षण सिकाइमा बाधा पर्ने स्थिति रहेको छ । एकैपटक धेरैओटा वाक्यहरू धाराप्रवाह रूपले बोलेकोले पनि यसमा अस्वभाविकता खड्किएको आभास पाइन्छ ।

### ४.२.१.८ उद्देश्य :

बाल दिवस संवाद बालबालिकाहरूको अधिकारसँग सम्बन्धित संवाद हो । पोसिलो खाना, उपयुक्त शिक्षा, बाल सरोकारका विषयमा अर्थपूर्ण  सहभागिता लगायत सबै प्रकारका विभेद र हिंसाबाट मुक्त हुनु बाल अधिकार हो । कानुनी रूपमा बाल अधिकारका यस्तो व्यवस्था भए तापनि बालबालिकाहरूले वास्तविक रूपमा बाल अधिकार महसुस गर्न पाएका छैनन् । लैङ्गिक जातीय, वर्ण धार्मिक रूपमा उनीहरू विभेदका सिकार बनेका छन भने शारीरिक मानसिक लगायत विविध प्रकारका हिंसाले पनि ग्रस्त भएका छन् । बाल सरोकारका कार्यक्रमहरू पनि बाल बालिकाहरूको रुचि अनुसार नभएर अग्रजहरूको चाहना बमोजिम हुने गरेका छन् । यसको फलस्वरूप बाल अधिकार हनन् भई बाल प्रतिभा ओभ्मेलमा परेको छ । तसर्थ कागजी रूपमा व्यावस्था गरिएका बाल अधिकारलाई व्यावहारमा रूपान्तरण गरि बाल प्रतिभालाई प्रस्फुटन गराउनु पर्दछ । यसका लगि बाल बालिकाहरू पनि आफ्नो अधिकार प्राप्तिमा अग्रसर बन्नुपर्छ । आफ्नो सरोकारका विषयमा, महत्त्वपूर्ण निर्णयमा अर्थपूर्ण सहभागिता देखाउनुपर्छ । तसर्थ बालबालिकाहरूलाई आफ्नो हक अधिकारप्रति सचेत गराई प्रतिभा प्रस्फुटन गर्न उत्प्रेरित गर्नु नै यस संवादको उद्देश्य हो ।

## ४.२.२ रिसको औषधी संवादको विश्लेषण

कक्षा ५ को मेरो नेपाली किताबमा समाविष्ट ‘रिसको औषधी’ संवाद आक्रोशको आवेगमा फरक फरक मानिसले प्रदर्शन गर्ने फरक फरक व्यावहारको चर्चा परिचर्चा गर्दै यसका नकारात्मक असर तथा असरबाट सचेत गराउन उक्त संवाद सफल भएको छ ।

### ४.२.२.१ शीर्षक :

रिसको औषधी संवादको शीर्षक ‘रिसको’ र ‘औषधी’ गरी दुईओटा शब्दले बनेको छ । रिस शब्दमा षष्टी विभक्ति लागेर बनेको ‘रिसको’ र ‘औषधी’ को संयोजनबाट उक्त शीर्षक बनेको छ । रिसले आक्रोश र औषधीले दबाइलाई जनाउँछ । यस अर्थमा रिसको औषधी

शीर्षकले क्रोधको दबाइ भन्ने जनाउँछ । तसर्थ शीर्षककै दायराभित्र रहेर संवाद अगाडि बढेको कारण शीर्षक र विषयवस्तुका बीचमा तालमेल राम्रो देखिन्छ ।

### ४.२.२.२ **विषयवस्तु :**

आस्था रिसले चुर भएर एक्लै कोठामा बसिरहेको बेला दाजु विश्वास कोठामा प्रवेश गरेर बहिनीलाई के भएर एक्लै बसेकी ? भन्ने प्रश्नबाट संवादको उठान भएको छ । बहिनी रिसाएको थाहा पाएर रिसकै विषयमा केन्द्रित भएर संवाद अघि बढेको छ । खासगरी मानवीय स्वभाव अनुसार रिस उठ्नु सामान्य र स्वभाविक प्रक्रिया हो तर रिस व्यक्त गर्ने तरिका भने फरक फरक नै हुन्छन् । रिसको आवेगमा मान्छेले थुप्रै हिंसात्मक कार्य समेत गर्न पुग्छ । रिसाउदा शरीरका थुप्रै मांसपेशीहरूलाई कार्यबोझ भई शक्ति नाश गर्ने तथा कमजोर पार्ने भएकोले रिस सबैभन्दा ठूलो शत्रु हो । तसर्थ यसका सम्भावित खतराबाट जोगिनका लागि अपनाउन सकिने घरेलु प्रविधि तथा औषधीको जानकारी यस संवादको विषयवस्तु रहेको छ ।

### ४.२.२.३ **चरित्र चित्रण**

**क) आस्था :**

आस्था यस संवादकी प्रमुख बालपात्र हो । संवादको सुरुवातमा एक्लै कोठामा रिसाएको घटनालाई हेर्दा ऊ एक रिसाहा पात्रका रूपमा चित्रित छे । दाजु विश्वासले आस्था यता हेर न भनेर सोध्दा “नकाराउनुहोस है दाइ, मलाइ रिस नउठाउनुहोस” भनेर प्रतिवाद गरेकी छे । त्यस्तै कोसँग रिस उठ्यो भन्ने प्रश्नको जवाफमा “जोसुकैसँग होस् तपाइलाई किन चाहियो” भनेर प्रतिवाद गरेकी छे । रिसको आवेगमा आएर चर्को स्वरले कराउने, बाआमाले भनेको नटेर्ने तथा भाइबहिनीलाई पिट्ने गरेको कुरा उसले यस संवादमा अभिव्यक्त गरेकी छे । यसबाट ऊ आवेगी पात्र हो भन्न सकिन्छ भने विश्वासले फरक फरक मान्छेले रिस उठ्दा देखाउने फरक व्यावहारको चर्चा गर्दा खुब जिज्ञासु भएर सुनेकी छे । तसर्थ ऊ जिज्ञासु पात्र पनि हो भने रिस शत्रु तथा रोग हो भन्ने कुरा विश्वासबाट थाहा पाएपछि “रोग हो भने औषधी पनि त हुनुपर्‍यो नि” भन्ने प्रश्नबाट आफ्नो ओजपूर्ण तार्किक क्षमताको प्रदर्शन गरेकी छे । तसर्थ सुरुमा आवेगी चरित्रको रूपमा उपस्थित भए तापनि विश्वासको कुराले उसको चरित्रमा परिवर्तन आउने संकेत प्रशस्त देखिएको छ किनभने

संवादको समापनका क्रममा "यस्तो काम लाग्ने कुरा सुनाएकोमा धन्यवाद अबदेखि म कहिल्यै रिसाउदिन" भनेकी छे । तसर्थ  आस्था गतिशील, विवेकी एवम् जिज्ञासु पात्रको रूपमा चित्रित छे । यसैगरी कच्चा मानसिकता भएकी, अबोध, तर्क गर्न सक्ने एवम् जीवनोपयोगी कुराहरूलाई व्यावहारमा लागू गर्न तम्सने विवेकी पात्र हो । निष्कर्षमा सामान्य कुरामा रिसाउने र छिट्टै पछुताउने बालबालिकाहरूको प्रतिनिधित्त्व गर्न सक्षम भएकीले आस्था गतिशील पात्र हो ।

**ख) विश्वास :**

यस संवादको प्रमुख तथा केन्द्रिय पात्र विश्वास आस्थाको दाजुको भूमिकामा देखिएको एवम् परिपक्क विचार बोकेको पात्र हो । बहिनी आस्था आफूसँग झर्केर बोल्दा पनि ऊप्रति कुनै आक्रोश पोखेको छैन । तसर्थ उसले धैर्यशाली बालबालिकाहरूको प्रतिनिधित्व गरेको छ । फरक फरक मान्छेले रिसाएको बखत देखाउने फरक फरक व्यावहार राम्ररी नियालेको छ भने मानवीय स्वभाव अनुसार ऊ पनि स्वभाविक रूपमा कहिलेकाही रिसाउने गर्दछ । रिसबाट हुनसक्ने शारीरिक तथा मानसिक असर पनि उसले राम्ररी बुझेको छ । "रिसाउँदा हाम्रो शरीरका धेरै मांसपेशीहरूले काम गर्नुपर्छ रे ! हाम्रो शक्ति नाश गर्छ रे हामीलाई कमजोर पार्छ रे" भन्ने अभिव्यक्तिले यस कुरालाई छर्लङ्ग पार्दछ । यस्तै रिस नियन्त्रण गर्ने उपायका बारेमा पनि उसँग प्रशस्त ज्ञान रहेको छ । "यदि तिमीलाई रिस उठ्यो भने एक गिलास चिसो पानी खाऊ । जससँग अथवा जेसँग रिस उठेको छ, त्यसबाट पर जाऊ । केहीबेर ओछ्यानमा पल्ट । ऐनामा आफ्नो अनुहार हेर । आफूलाई पन पर्ने भगवानको नाम जप" भन्ने सारगर्भित एवम् व्यावहारिक उपाय बहिनीलाई प्रभावकारी ढङ्गले सञ्चार गरेको छ । निष्कर्षमा भन्नुपर्दा ऊ विवेकी, पर्याप्त व्यावहारिक ज्ञान भएको तथा अरूको खराब व्यावहार परिवर्तन गरी चरित्र सुधार गर्न खप्पिस पात्र हो ।

### ४.२.२.४ संवाद

यस पाठमा प्रयोग भएका संवादको प्रकृति कक्षा पाँचमा अध्ययनरत बालवालिकाको क्षमतासँग मिल्दोजुल्दो देखिन्छ । वाक्यगठन छोटा तथा मझौला प्रकृतिका भएकोले स्तर अनुरूप स्वभाविक देखिन्छ । कक्षा पाँचमा अध्ययनरत बालबालिकाहरूको क्षमता अनुरूप शब्दभण्डारको प्रयोग गरिएको छ । त्यस्तै हाउभाउ, मुखमुद्रा, अङ्ग सञ्चालनको कुशल संयोजन संवादमा गरिएको छ । निष्कर्षमा भन्नुपर्दा बालबालिकाको बौद्धिक क्षमता, रुचि,

स्तर अनुसार स्वभाविक प्रकृतिका शब्दभण्डार र वाक्य गठनको प्रयोग गरेकोले उक्त संवाद उपयुक्त मान्न सकिन्छ ।

### ४.२.२.५ वातावरण/परिवेश

यस संवादमा स्पष्ट तथा खास परिवेश/वातावरण उल्लेख छैन । केवल घरभित्रको एउटा कोठाको परिवेश भित्र संवाद सकिएको छ । आस्था र विश्वास रिसका प्रसङ्गमा घतलाग्दा जीवनोपयोगी विषयमा केन्द्रित भएर कुराकानी गरेका छन् । संवेगात्मक विषयमा केन्द्रित कुराकानी भएकोले दृश्यात्मक रूपमा कुनै खास परिवेश उल्लेख छैन । यसैगरी प्रस्तुत संवादमा ग्रामीण परिवेशको झलक पाइन्छ । बालबालिकाहरूले सञ्चार साधनको चर्चा पनि गरेका छैनन् । बोलीचाली ग्रामीण बालबालिकाको शैली निकट छ । समय कतिखेरको हो भन्ने स्पष्ट सङ्केत पनि छैन । लगभग १० मिनेटको समय संवादले लिएको छ । तसर्थ आस्था र विश्वासको घरको कोठा नै यस संवादको परिवेश हो ।

### ४.२.२.६ द्वन्द्व/सङ्घर्ष

यस संवादको उठान वैचारिक द्वन्द्वबाट प्रारम्भ भएको छ । आस्था एक्लै ठसक्क परेर बसेकी तथा आफैंसँग रिस उठेको घटनालाई हेर्दा ऊ भित्र आन्तरिक द्वन्द्व सशक्त देखिन्छ । दाजु विश्वासको कोठामा प्रवेश पछि वाह्य द्वन्द्व पनि निकै सशक्त अवस्थामा अगाडि बढेको छ । विश्वासले सोधेका हरेक प्रश्नको जवाफ आस्थाले आक्रोशित ढङ्गले दिएकी छे । संवादको धर्म अनुरूप वैचारिक सहमतिको बिन्दुमा पुग्ने बेलामा द्वन्द्व पनि समापन भएको छ । तसर्थ संवादको सुरुमा विरोधात्मक प्रकृतिको द्वन्द्व समझदारीमा पुगेर टुङ्गिएको छ । निष्कर्षमा भन्नुपर्दा द्वन्द्वले बालबालिकाहरूको मनोभावलाई सहज ढङ्गले चित्रण गरी संवादलाई जीवन्त बनाएको छ ।

### ४.२.२.७ भाषाशैली

यस संवादमा प्रयुक्त भाषाशैली सरल तथा सहज प्रकृतिको रहेको छ । त, रे, पो, न, नि जस्ता निपात तथा किन ठसक्क परेर बसेकी हँ ? आफैसँग पनि रिस उठ्छ ? जस्ता प्रश्नात्मक वाक्यहरूको प्रयोगले भाषिक मिठास थपेको छ । अधिकांश वाक्यहरू छोटा भएका शब्दभण्डार बालबालिकाहरूको अनुभवको सेरोफेरोबाट चयन गरिएको पाइन्छ । त्यस्तै आस्थाले सुरुमा बोलेका “नकराउनुहोस् है दाइ, मलाइ रिस नउठाउनुहोस्, झन

नकराउनुहोस् भनेको झन पो कराउनु हुन्छ” जस्ता वाक्यहरूमा उसको मनस्थिति अनुसार क्रोधको छनक पाइनुले संवाद सशक्त, जीवन्त एवम् स्वभाविक बन्न पुगेको छ । विश्वासले बोलेका संवाद पनि सरल तथा स्वभाविक एवम् पत्रको आन्तरिक मनस्थितिलाई सम्बोधन गर्न सक्ने खालका रहेका छन् । “मैले रिस उठाउने रे ? कस्तो रिस रहेछ, उठाए उठ्ने बसाए बस्ने ।” भन्ने अभिव्यक्तिले यसलाई पुष्टि गरेको छ । निष्कर्षमा भन्नुपर्दा संवाद बालसुलभ, सरल तथा सहज प्रकृतिका रहेका छन् ।

### ४.२.२.८ उद्देश्य

रिस मानिसको सबैभन्दा ठूलो शत्रु हो । यसले मानिसलाई शारीरिक तथा मानसिक दुबै प्रकारको हानि पुऱ्याउछ । रिसको आवेगमा मानिसले अनेकौं हिंसात्मक कार्यहरू गर्न पुग्दछन् । आक्रोश व्यक्त गर्ने तरिका फरक फरक भए पनि यसले पुऱ्याउने नकारात्मक असरबाट भने कोही अछुतो रहदैनन् । रिसाउदा शरीर कमजोर हुने, शक्ति नाश हुने जस्ता शारीरिक असर देखिन्छ भने आवेगमा गरिएका हिंसात्मक कार्यकलापहरूले पश्चाताप भई मानसिक असर समेत पुग्ने देखिन्छ । तसर्थ साना साना बालबालिकाहरूलाई आक्रोश र रिसका असरबाट सचेत गराएर समझदारी व्यावहार स्थापना गर्न उत्प्रेरित गर्नु यस संवादको उद्देश्य हो ।

### ४.२.३ परीक्षाको तयारी शीर्षकको अध्ययन

### ४.२.३.१ शीर्षक :

परीक्षाको र तयारी गरी दुईओटा शब्द मिलेर यस संवादको शीर्षक बनेको छ । परीक्षा शब्दमा षष्टी विभक्ति ‘को’ लागेर ‘परीक्षाको’ शब्दको अर्थ जाँचको र तयारी शब्दको अर्थ उक्त जाँचको तयारीका लागि गरिने मानसिक जोरजाम भन्ने अर्थ लाग्दछ । तसर्थ परीक्षाको तयारी भन्नाले जाँचको लागि गरिने मानसिक जोरजाम भन्ने अर्थ लाग्दछ । संवादको विषयवस्तु पनि परीक्षाको तयारीमा केन्द्रित रहेकाले शीर्षक र संवादमा तादात्म्य देखिन्छ ।

### ४.२.३.२ विषयवस्तु :

परीक्षाको सफलताका लागि विद्यार्थीहरूले गर्नुपर्ने पूर्वतयारीको विषयवस्तुमा यो संवाद केन्द्रित रहेको छ । मानिसको स्वास्थ्यलाई फाइदा पुऱ्याउने खानाहरूको चर्चा, परिचर्चा

भएको छ भने स्वस्थ रहनका लागि सन्तुलित आहार, व्यायम, आरामको आवश्यकतालाई पनि उजागर गरिएको छ । यसैगरी स्वस्थ जीवन जीउनका लागि व्यक्तिगत सरसफाई, स्वच्छ वातावरणको निर्माण गर्नुपर्ने कुरालाई पनि यस संवादले उठाएको छ । यसरी मानिसको स्वस्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तुलाई प्रश्नोत्तर ढाँचामा प्रस्तुत गरिएको छ । यस ढाँचालाई अवलम्वन गर्नुको कारण परीक्षाको तयारीका लागि पूर्वाधार खडा गर्नु रहेको छ ।

### ४.२.३.३ चरित्र

**क) सलमा**

सलमा यस संवादकी प्रमुख पात्र हो । सरोजकी साथी तथा विद्यार्थीको भूमिकामा उभिएकी सलमा मिहिनेती छात्रा हो । परीक्षाको सफलताका लागि निकै संवेदनशील देखिएकी सलमाले साथी सरोजलाई तिमीले परीक्षाको तयारी कति तयारी गऱ्यौ हँ ? भनी प्रश्न सोधेर संवादको उठान गरेकी छे । त्यतिमात्र होइन सरोजलाई सोधेका हरेक प्रश्नहरू पनि त्यतिकै उपयुक्त खालका छन् । विषयवस्तुको उपयुक्त जानकारीका अलवा उसमा सामाजिक शिष्टाचारका गुणहरू पनि देख्न सकिन्छ । "तिम्रो परीक्षा राम्रो होओस् मेरो शुभकामना" भन्ने अभिव्यक्तिले यस कुराको पुष्टि गरेको छ । त्यस्तै अरूको योग्यताको कदर गर्न पनि ऊ चुकेकी छैन । "तिमी त मैले सोधेका सबै प्रश्नको उत्तर दिन सक्छौ" भनेर सरोजको लगनशीलताको प्रशंसा गरेकी छे । निष्कर्षमा सलमा विवेकी बालिका, प्रतिभाशाली छात्रा, शिष्टाचारमा निपुण, अरूको योग्यता र दक्षताको कदर गर्ने सहयोगी पात्र हो ।

**ख) सरोज :**

सरोज यस संवादको मुख्य तथा केन्द्रिय पात्र हो । सलमाले सोधेका हरेक प्रश्नको जवाफ दिएकोले ऊ एक प्रतिभाशाली बाल पात्र हो । यसका अलवा परीक्षाको तयारीको प्राविधिक जानकारी भएको पात्र हो । भोलिपल्टको परीक्षाको तयारीका लागि सलमासँग एक आपसमा प्रश्नोत्तर प्रक्रिया अपनाउने रचनात्मक सोच उसले निकालेको छ । त्यस्तैगरी ऊ निडर तथा आत्मविश्वासी पात्र पनि हो ।

"आ..... परीक्षामा जस्तासुकै प्रश्न आउन । आफूले सबै विषयवस्तुमा राम्ररी तयारी गरेपछि के को डर" भन्ने अभिव्यक्तिले यस कुराको पुष्टि गरेको छ । स्वास्थ्यसँग सरोकार राख्ने हरेक विषयवस्तुमा निकै जानिफकार पात्र सरोज विवेकी, प्रतिभाशाली पात्र हो ।

४.२.३.४ **संवाद :**

प्रस्तुत संवाद विषयवस्तु र पात्र अनुकूल सशक्त एवम् जीवन्त हुनुपर्नेमा उक्त सन्तुलनबाट चिप्लिएको आभास पाइन्छ । सलमा र सरोज दुबैको संवाद लामा लामा रहेका छन् । यसैगरी बालबालिकाहरूको कुराकानीको शैली भन्दा माथिल्लो स्तरको पनि बन्न पुगेको छ । "तिमीले ठीक भन्यौ, धुमपानले हाम्रो स्वास्थ्यलाई नराम्रो असर गर्छ । सुर्ती, चुरोट सेवन गर्ने बानी लागे छुटाउन गाह्रो हुन्छ । यस्ता पदार्थ सेवन गर्नुहुँदैन । कसैले कर गरेमा टाढै बस्नुपर्छ । यासका साथै नसालु पदार्थको सेवनले हाम्रो मानसिक स्वास्थ्यलाई समेत विशेष रूपले हानी गर्छ । हामीले नसालु पदार्थ सेवन गर्नेलाई पनि त्यसो नगर्न सम्झाउनु पर्छ ।" भन्ने अभिव्यक्तिलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ । अनौपचारिक कथ्य शैलीको निकट हुनुपर्ने तथा बालसुलभ गुण पाउनु पर्नेमा सो कुरा पाइदैन । माथिल्लो स्तरको शैली भएकोले खास मिठासपन पनि पाइएको छैन । यति हुँदाहुँदै पनि संवादको विषयवस्तु भने बालबालिकाहरूको अनुभवको सेरोफेरोमै केन्द्रित रहेको पाइन्छ । संवादको सुरु तथा अन्त्यका संवाद भने स्वभाविक प्रकृतिका रहेका छन् ।

४.२.३.५ **द्वन्द्व/सङ्घर्ष :**

यस परीक्षाको तयारी संवादमा द्वन्द्वको स्थिति अत्यन्त न्यून रहेको छ । संवादको सुरुदेखि अन्त्यसम्म पनि वैचारिक सहमति कायम रहेकोले द्वन्द्वको स्थिति न्यून छ ।

४.२.३.६ **परिवेश/वातावरण :**

यस संवादमा खास कुनै परिवेश उल्लेख गरिएको छैन । अर्थात् परिवेश किटान गरिएको छैन।

४.२.३.७ **भाषाशैली**

यस परीक्षाको तयारी संवादमा छोटा, मझौला तथा लामा गरी सबै प्रकारका वाक्यहरूको प्रयोग गरिएको छ । "ए सरोज, तिमीले भोलीको परीक्षाका लागि कति तयारी गऱ्यौ ? "

जस्ता प्रश्नात्मक वाक्य तथा त, पो, नि जस्ता निपातको प्रयोगले केही मीठास दिन खोजेको छ । यति भएर पनि लामा लामा वाक्यहरूको अत्यधिक प्रयोगले संवादको भाषाशैली पट्यार लाग्दो एवम् बोझिलो बन्न पुगेको छ । उदाहरणको रूपमा तलको उक्त अभिव्यक्तिलाई लिन सकिन्छ । "तिमीले ठीक भन्यौ, धुमपानले हाम्रो स्वास्थ्यलाई नराम्रो असर गर्छ । सुर्ती, चुरोट सेवन गर्ने बानी लागे छुटाउन गाह्रो हुन्छ । यस्ता पदार्थ सेवन गर्नुहुँदैन । कसैले कर गरेमा टाढै बस्नुपर्छ । यासका साथै नसालु पदार्थको सेवनले हाम्रो मानसिक स्वास्थ्यलाई समेत विशेष रूपले हानी गर्छ । हामीले नसालु पदार्थ सेवन गर्नेलाई पनि त्यसो नगर्न सम्झाउनु पर्छ ।" यसका साथै प्रौढ निकट भाषाशैलीको प्रयोग भएकाले बालबालिकाहरूका लागि उक्त संवाद तुलनात्मक रूपमा कम रुचिकर बन्ने देखिन्छ । यसैगरी लामा लामा अभिव्यक्तिको प्रयोग गरिएकाले अभिनय कार्यकलाप सञ्चालन गराउन गाह्रो हुने स्थिति रहेको छ । शैली पनि बालसुलभ प्रकृतिको नभएर प्रौढ स्तरीय प्रकारको रहेको छ । तसर्थ भाषाशैलीको कोणबाट यस संवादलाई कम उपयोगी मान्न सकिन्छ ।

#### ४.२.३.८ उद्देश्य

परीक्षाको तयारीलाई मुख्य विषयवस्तु बनाएर संवादको रूप दिइएको यस संवादले दोहोरो उद्देश्य राखेको छ । एकातर्फ विद्यार्थी वर्गले शैक्षिक सफलताका लागि सम्पूर्ण विषयवस्तुलाई गहन ढङ्गले अध्ययन गर्नुपर्छ, एक आपसमा अन्तर्क्रिया छलफल गरेर अगाडि बढ्नुपर्छ भन्ने सन्देश दिएको छ । पढाइ र लेखाइ दुबै सीपलाई उत्तिकै प्राथमिकता दिएर अगाडि बढ्नुपर्छ भनेर सफल परीक्षा दिने कलाको विकासका लागि उपयुक्त उपाय अपनाउने सुझाब दिएको छ । यसै गरी अर्कातर्फ स्वस्थ खानपिन, बानी व्यावहार, आराम, सरसफाई, व्यायमको महत्त्वलाई पनि उजागर गरिएको छ । तसर्थ स्वस्थ रहने उपाय बालबालिकाहरूलाई सिकाउनु तथा शैक्षिक सफलताका लागि परीक्षा दिने प्राविधिक कला तर्फ अग्रसर गराउनु यस संवादको उद्देश्य रहेको छ ।

### ४.२.४ पत्रपत्रिका संवादको विश्लेषण

पत्रपत्रिका संवाद निजी विद्यालयमा पढाइ हुने कक्षा पाँचको सजिलो नेपाली माला पाठ्यपुस्तकमा समावेश गरिएको संवाद हो । यसलाई विभिन्न कोणले तल विश्लेषण गरिएको छ ।

### ४.२.४.१ शीर्षक :

पत्रपत्रिका तत्सम शब्द हो । यसको अर्थ दैनिक, साप्ताहिक, पाक्षिक, मासिक समाचार भन्ने अर्थ लाग्दछ । यसैगरी विभिन्न लेखरचनाहरूको समसामयिक संगालो भएको पुस्तक वा पुस्तिका भन्ने पनि बुझिन्छ । यस पत्रपत्रिका शीर्षकको संवादमा पनि पत्रपत्रिकाको गरिमा, महिमा, एवम् व्यावहारिक महत्त्वका बारेमा केन्द्रित रहेर संवाद अघि बढेको छ । तसर्थ यसको शीर्षक र विषयवस्तुमा उपयुक्त तालमेल रहेको छ ।

### ४.२.४.२ विषयवस्तु :

बालबालिकाहरूको चौतर्फी विकासका लागि पाठ्यक्रमले तोकेका सीमित पाठ्यांश मात्र पर्याप्त हुन सक्दैनन् । देश विदेशका विविध घटना, उपलब्धि एवम् समग्र गतिविधिको जानकारीका लागि विविध पत्रपत्रिकाहरूको पनि अध्ययन गर्नुपर्दछ भन्ने कुरा यस संवादको विषयवस्तु हो ।

### ४.२.४.३ चरित्र

**क) सुरेश :**

सुरेश यस संवादको केन्द्रिय पात्र हो । उसैको विचारधारा बोकेर समग्र संवाद अघि बढेको छ । उसले विद्यालय पाठ्यक्रमले तोकेका विषयवस्तुको अतिरिक्त विविध प्रकारका पत्रपत्रिका एवम् पुस्तकालयका अन्य पुस्तकहरू पढेर आफ्नो ज्ञानको क्षितिज फराकिलो पारेको छ । “विद्यालयमा पढ्ने किताब बाहेक पत्रपत्रिका पढ्दा हामीले धेरै किसिमका ज्ञानगुन पाउँछौं । कहिलेकाही अरूसँग कुराकानी गर्दा हामीले लाटो जस्तो हुनु पर्दैन ।” भन्ने अभिव्यक्तिले यस कुराको पुष्टि गरेको छ । यस्तै समयको सदुपयोग गर्नका निम्ति पनि ऊ निकै सक्षम देखिन्छ । आफूले आर्जन गरेका ज्ञानवर्धक कुराहरू अरूलाई प्रभावकारी रूपमा सञ्चार गरी व्यावहारिक परिवर्तन ल्याउन सक्ने विशिष्ट खुबी सुरेशमा पाउन सकिन्छ । सुरुमा पत्रपत्रिकाहरूलाई पूर्ण रूपमा वेवास्ता गर्ने साथी चमेली र अमरको सङ्कुचित सोचाइमा सुरेशले पूर्ण रूपमा परिवर्तन गरिदिएको छ । यस्तै आफ्ना घरमा भएका विविध खालका पत्रपत्रिकाहरू साथीहरूलाई पढ्न उत्प्रेरित गर्दै आफ्नो घरसम्म पुऱ्याएको कार्यलाई हेर्दा ऊ निकै सहयोगी एवम् मिजासिलो पात्र हो भन्न सकिन्छ । निष्कर्षमा भन्नुपर्दा अमर र चमेलीको साथी एवम् विद्यार्थीको भूमिकामा देखा परेका सुरेश जिज्ञासु पात्र हो । यसैगरी

सहयोगी, समयको महत्त्व बुझेको एवम् रचनात्मक सोच भएको पात्रको रूपमा उसलाई लिन सकिन्छ । सहरिया परिवेशका चलाख बालबालिकाहरूको प्रतिनिधित्त्व गर्ने सुरेश अरूलाई सही बाटोमा हिडाउन सक्षम पात्र हो ।

**ख) चमेली :**

चमेली यस संवादकी अबोध पात्र हो । "म त विद्यालयका पुस्तक मात्र पढ्छु अरू पढेर के हुन्छ र ? जाँचमा अरूकुरा पढेर पास भइँदैन । को पढोस पत्रपत्रिका ? समयको खर्च मात्र" भन्ने अभिव्यक्तिलाई हेर्दा विद्यालय पाठ्यक्रमले तोकेका विषयवस्तुको ज्ञानलाई नै सर्वस्व ठानेकी छे । यस संवादको केन्द्रिय पात्र सुरेशले पत्रपत्रिकाहरूको व्यावहारिक उपयोगिता बताएपछि भने "तिम्रो कुरा मलाई मन पऱ्यो । अब त म पनि पत्रपत्रिका पढ्ने बानी बसाल्छु । बरु तिमी पुस्तकालय गएका बेला मलाइ पनि बोलाउने गर है" भनेर पत्रपत्रिका पढ्ने बानीप्रति सकारात्मक धारणा बनाएकी छे । विद्यालयको, पढाइप्रति पनि ऊ निकै संवेदनशील देखिन्छे । लगनशील भएर अध्ययन गरी परीक्षा राम्रोसँग दिएर पास गर्नुपर्छ भन्ने सकारात्मक धारणा संवादको सुरुमै पनि देखिन्छ । यसरी चमेलीको चारित्रिक विशेषतालाई केलाउदा ऊ एक कच्चा विचार बोकेकी बाल पात्र, विद्यालयको पढाइप्रति संवेदनशील, जिज्ञासु तथा अरूको विचारबाट आफूलाई परिवर्तन गर्न सक्षम गतिशील पात्रको रूपमा चित्रित छे । विद्यालयका किताबी ज्ञानमा अल्झेर त्यसैलाई सर्वस्व ठान्ने बालबालिकाहरूको प्रतिनिधित्व गर्ने चमेली अरूको सल्लाहबाट आफूलाई परिवर्तन गर्ने गतिशील पात्रको रूपमा चित्रित छे ।

**ग) अमर :**

अमर पनि यस संवादमा चमेलीकै समानन्तर विचार धारा बोकेको पात्र हो । पत्रपत्रिकाको व्यावहारिक उपयोगिता नबुझेर उसले साथीहरूलाई यस्तो अभिव्यक्ति दिएको छ । "अरू किताब पढेर सफल भईदैंन । त्यसैले म पनि विद्यालयका पुस्तक मात्र पढ्छु ।" यस अभिव्यक्तिको विश्लेषण गर्दा उसको विचारमा पनि विद्यालय पाठ्यक्रमका पाठ्यांश नै विद्यार्थीका लागि सर्वस्व हो र यस बाहेकका पुस्तक तथा पत्रपत्रिका पढ्नु समयको वर्वादी गर्नु मात्र हो भन्ने कुराको पुष्टि हुन्छ । साथी सुरेशबाट पत्रपत्रिकाहरू पढ्नु राम्रो बानी हो भन्ने कुरा थाहा पाएपछि संवादको अन्त्यमा सुरेशको विचारको समर्थन गर्न पुगेको छ । खासगरी पत्रपत्रिका प्रति उसको रुचि नहुनुको मुख्य कारणको रूपमा त्यसप्रति अत्यन्त कम

जानिफकार हुनु पनि हो । "ए ! पत्रपत्रिकामा कथा र चुड्किला पनि हुन्छन् ? त्यसो भए पत्रपत्रिका पढेर ज्ञान र मनोरञ्जन दुबै पाउन सकिन्छ ?" यी अभिव्यक्तिलाई हेर्दा पत्रपत्रिका सम्बन्धी उचित मार्गदर्शन नपाएको आभास पनि पाउन सकिन्छ । अन्त्यमा सकारात्मक वैचारिक परिवर्तन भएको अमर जिज्ञासु, विद्यालय शिक्षाप्रति संवेदनशील तथा अरूले दिएको मार्गदर्शन आत्मसात गर्न सक्ने विवेकी पात्र हो भन्न सकिन्छ ।

### ४.२.४.४ **संवाद :**

यस पत्रपत्रिका संवादमा समाविष्ट अभिव्यक्ति कक्षा पाँचमा अध्ययनरत बालबालिकाहरूको रुचि स्तर अनुरूपको रहेको छ । अमर, चमेली र सुरेशले बोलेका अधिकांश संवाद छोटा एवम् छरिता रहेका छन् । सुरेशले बोलेका केही संवाद तुलनात्मक रूपमा लामा भए तापनि कक्षा पाँचमा अध्ययनरत बालबालिकाहरूले बुझ्नका लागि कुनै बौद्धिक कसरत गर्नुपर्ने देखिँदैन । यसैगरी प्रस्तुत संवाद तार्किक प्रकृतिको भएकोले विचारको द्वन्द्वमय प्रस्तुति पनि संवादमा पाउन सकिन्छ । यस्तै निपात तथा प्रश्नात्मक वाक्य र कथ्य निकट संवाद भएकोले संवादहरू मिठासले भरिएका छन् ।

### ४.२.४.५ **वातावरण/परिवेश**

यस संवादमा प्रत्यक्ष रूपमा कुनै खास परिवेश भेटिदैन । तर पनि कुनै विकट गाउँको परिवेश तथा वातावरण नभई विविध सुविधायुक्त सहरी परिवेशको छनक पाउन सकिन्छ । यस संवादको परिवेशमा पत्रपत्रिकाहरू किनेर पढ्ने सुविधा छ । यसका साथै पुस्तकालयको पनि सुविधा भएकोले फुर्सदको समयमा नयाँ नयाँ पुस्तक पढेर समयको सदुपयोग गर्दै आफ्नो ज्ञानको क्षितिज फराकिलो बनाउने अवसर बालबालिकाहरूले पाएका छन् । यसका साथै ग्रामिण क्षेत्रका बालबालिका जस्तो यस संवादका बालबालिकाहरू घरायसी सहयोगमा अल्झेका छैनन् । त्यसैले आफ्नो फुर्सदको समयको सदुपयोगका लागि पुस्तकालय गएर विविध ज्ञान र मनोरञ्जनात्मक खालका पत्रपत्रिका एवम् रोचक पुस्तकहरू पढ्नतर्फ अग्रसर देखिन्छन् । तसर्थ नेपालको कुनै पनि सहरी वस्ती यस संवादको वातावरण एवम् परिवेश हो ।

### ४.२.४.६ द्वन्द्व वा सङ्घर्ष :

पत्रपत्रिका संवादमा द्वन्द्व पनि जीवन्त प्रकृतिको रहेको छ । यहाँ सुरेश पत्रपत्रिकाहरू पढेर विश्वका, घटना उपलब्धि र समग्र गतिविधिको जानकारी प्राप्त गर्नका लागि पत्रपत्रिका लगायत विविध प्रकारका पुस्तकहरू अध्ययन गर्न चाहन्छ र सोही अनुसार पत्रपत्रिकाको अध्ययन पनि गर्दछ । उसका साथी चमेली र अमर भने जुन कुरा पढेर औपचारिक शिक्षाको परीक्षामा काम आउदैन त्यो कुरा पढेर समयको बर्बादी गर्नु हो भन्ने पक्षमा रहेका छन् । यसरी परस्पर दुई विपरित विचारको द्वन्द्व संवादमा देखा परेको छ भने संवादको विशेषता अनुरूप अन्त्यमा भने सुरेशकै विचारधारामा चमेली र अमर पुगेका छन् । तसर्थ वैचारिक सहमतिमा पुगेर संवाद टुङ्गिएको हुनाले यसलाई प्रभावकारी मान्न सकिन्छ।

### ४.२.४.७ भाषाशैली :

यस संवादको भाषाशैली कक्षा पाँचमा अध्ययनरत बालबालिकाहरूको रुचि, स्तर, क्षमतासँग तालमेल हुने खालको रहेको छ । प्रश्नात्मक वाक्य, तथा अनौपचारिक कथ्य निकट भाषाशैलीको प्रयोग भएकोले भाषाशैली रोचकताले भरिएको छ । वाक्यगठन छोटा छोटा भएकाले बालबालिकाहरूका लागि अझ रुचिपूर्ण हुने देखिन्छ भने त, नि, पो जस्ता निपातले भाषामा मिठासपन थपेको पाइन्छ । ज्ञानवर्धक, निबन्ध, महत्त्वपूर्ण चुड्किला जस्ता कठिन शब्दहरूलाई पनि प्रयोग गरिएको छ । को पढोस पत्रपत्रिका ? जाँचमा अरू कुरा पढेर पास भइदैन जस्ता कथ्य स्तरको भाषा तथा बालसुलभ शैलीको प्रयोग गरिएको कारण संवाद भाषाशैलीका कोणबाट हेर्दा सशक्त र जीवन्त बनेको छ ।

### ४.२.४.८ उद्देश्य

आजको ज्ञानको क्षितिज अत्यन्त फराकिलो बनिसकेको परिप्रेक्षमा विद्यालय पाठ्यक्रमले तोकेका सीमित पाठ्यांश मात्र बालबालिकाहरूको चौतर्फी विकासका निम्ति पर्याप्त बन्न सक्दैन । त्यसकारण गाउँदेखि अन्तराष्ट्रिय परिवेशसम्मका घटना, उपलब्धि एवम् समग्र गतिविधि सम्बन्धी जानकारी पनि त्यतिकै महत्त्वपूर्ण रहेको हुन्छ । तसर्थ बालबालिकाहरूलाई सानै देखि खोजमूलक ढङ्गले पत्रपत्रिका तथा अन्य उपयोगी पाठ्यपुस्तक पनि अध्ययन गर्ने बानीको विकास गराउनु यस संवादको उद्देश्य रहेको छ ।

## ४.२.५ जन्मोत्सव संवादको विश्लेषण

जन्मोत्सव संवाद निजी विद्यालयमा पढाइ हुने कक्षा पाँचको ‘सजिलो नेपाली माला’ भित्र समाविष्ट संवाद हो । यसको विश्लेषण तल विभिन्न शीर्षकमा रहेर गरिएको छ ।

### ४.२.५.१ शीर्षक :

जन्म + उत्सव गरी दुईओटा शब्दबाट जन्मोत्सव शब्द बनेको हो । यसको अर्थ जन्मदिनमा मनाइने विशेष उत्सव वा खुशीयाली भन्ने हुन्छ । शीर्षक अनुरूप संवाद पनि जन्मदिनको उत्सवका सम्बन्धमा गरिएका गतिविधिमा केन्द्रित रहेकोले संवाद अनुरूप शीर्षक उपयुक्त प्रकृतिको रहेको छ ।

### ४.२.५.२ विषयवस्तु :

जन्मदिनको अवसरमा प्रत्येक वर्ष मनाइने खुशीयाली एवम् कार्यकलापमा यो संवाद केन्द्रित रहेको छ । आन्द्रेइ शर्माको एघारौँ जन्मोत्सव मनाएर फर्केका उसका साथीहरूले पश्चिमी संस्कृति अनुसार जन्मोत्सव मनाएकोमा निकै खण्डन गरेका छन् । केक काट्ने, बत्ती निभाएर जन्मोत्सव मनाउने संस्कार पाश्चात्य मुलुकको संस्कार भएकोले आन्द्रेइका साथीहरूको समर्थन देखिँदैन । विविध जातजातिहरूको साझा थलो नेपाल बहुसांस्कृतिक मुलूक हो । तसर्थ आ-आफ्नो संस्कृतिको अपार भण्डारलाई आत्मसात गर्दै जन्मोत्सव लगायत अन्य चाडपर्व सञ्चालन गरी संस्कृतिको अस्तित्त्व स्थापना गरेर मौलिक पहिचान कायम गर्न अग्रसर गराउनु यस संवादको विषयवस्तु हो ।

### ४.२.५३ पात्र

**क) नागेन्द्र :**

नागेन्द्र यस संवादको शिलान्यास गर्ने प्रमुख पात्र हो । प्रवीण, आलोक, निखिल र आन्द्रेइको साथीको भूमिकामा उभिएको नागेन्द्रले नेवार समुदायको प्रतिनिधित्त्व गरेको छ । आफ्नो जातीय संस्कार र परम्परासँग ऊ राम्ररी भिजेको छ। नेवारी समुदायको जन्मोत्सवमा गरिने गतिविधिलाई उसले यसरी अभिव्यक्त गरेको छ। “मेरो जन्मोत्सवको दिनमा त मैले बिहानै नुहाइधुवाइ गरे । त्यसपछि देवताको मन्दिर गएर पूजा गरेँ । घरमा आएपछि सुकुन्दा बालेर सगुन खाएँ । तिहारमा जस्तै पालामा बत्ती बालिएको थियो ।” यसैगरी अरूको रितिरिवाज

एवम् संस्कारप्रति पनि ऊ निकै जिज्ञासु देखिन्छ । निखिललाई अष्ट चिरञ्जीवी भनेको के हो भन्ने प्रश्न गरेकोले यस कुराको पुष्टि भएको छ । यसै गरी गम्भीर तर्कयुक्त, सारगर्भित बहस गर्न पनि ऊ निकै सिपालु रहेको छ । "आफ्नो थालभरी भात छ । त्यो नखाएर अर्काको थालको भात खायो भने आफ्नो थालको भातले सराप्दैन ?" भनेर आफ्नो तार्किक क्षमताको प्रदर्शन गरेको छ । तसर्थ नागेन्द्र विशिष्ट तर्क गर्ने क्षमता भएको, आफ्नो धर्म संस्कृतिसँग निकै परिचित तथा जिज्ञासु पात्र हो भन्न सकिन्छ । विशिष्ट तार्किक क्षमता भएका सहरिया परिवेशका बालबालिकाहरूको प्रतिनिधित्व नागेन्द्रले गरेको छ ।

**ख) प्रवीण :**

प्रवीण यस संवादको केन्द्रिय चरित्रको रूपमा देखा परेको छ । आलोक, आन्द्रेइ, निखिल र नागेन्द्रको साथीको भूमिकामा देखिएको पात्र प्रवीणकै विचारधारा बोकेर संवाद अगाडि बढेको छ । आफ्नो देशको संस्कार, रितिरिवाज, चालचलनलाई ऊ अत्यन्त महत्त्वपूर्ण ठान्दछ । अरूले आफ्नो संस्कृतिको उपेक्षा गरी पाश्चात्य संस्कृतिको अनुशरण गरेकोमा साथीहरूसँग निकै असन्तुष्टि पोखेको छ । उसको चरित्रलाई सूक्ष्म ढङ्गले नियाल्ने हो भने यथास्थितिमा रम्न चाहने पात्र नभएर परिवर्तनलाई पनि आत्मसात गर्न चाहन्छ तर परिवर्तनको नाममा आफ्नो मूल पहिचानलाई भने सदैव जोगाउनु पर्दछ भन्ने उसको मान्यता रहेको छ । "आफ्नो थालको भात खान मन लागेन भने त्यसमा अलिकति अर्काको थालको भात मिसाउने र स्वाद फरक पारेर खाएपनि त हुने" भन्ने अभिव्यक्तिलाई हेर्दा प्रवीण रचनात्मक सोच भएको, तार्किक क्षमता भएको तथा ओजपूर्ण र गहकिला अभिव्यक्ति दिन सक्ने, आफ्नो संस्कृति संस्कारलाई बचाउन चाहने सचेत एवम् विवेकी पात्र हो भन्न सकिन्छ ।

**ग) आलोक :**

आलोक पनि आन्द्रेइ, निखिल, नागेन्द्र र प्रवीणको साथीको भूमिकामा चित्रित छ । गुरुङ समुदायको प्रतिनिधित्व यस संवादमा गरे तापनि आफ्नो जातीय रहनसहन संस्कार लगायत देशभित्रका रितिरिवाजलाई उसले बुझ्न सकेको छैन । यसका साथै पश्चिमी संस्कृति नेपालमा भित्रिएर नेपाली जातिको मौलिक पहिचान गुम्न लागेको पत्तै पाउदैन । निखिलले केक काट्ने तथा बत्ती निभाउने संस्कार हाम्रो होइन भन्दा "त्यसो भए हाम्रो चलन के हो त ? मेरो त आजसम्म जन्मदिन मनाएकै छैन ।" भन्ने संवादले यस कुराको पुष्टि भएको छ । यति भएर पनि ऊ निकै जिज्ञासु पात्र हो भन्ने कुरा उसले साथीहरूको घरमा मनाइने

जन्मोत्सवका संस्कारका बारेमा खुब जिज्ञासा राखेकोबाट स्पष्ट हुन्छ । यसैगरी यस संवादको सबैभन्दा सोझो पात्रका रूपमा पनि उसलाई लिन सकिन्छ किनभने साथीहरूको घुमौरो अभिव्यक्तिलाई उसले यसरी व्यक्त गरेको छ । "तिमीहरू त जन्मोत्सवको कुरा गर्दागर्दै थालको भातको पो कुरा गर्न थाल्यौ । कस्तो घुमौरो कुरा गरेको ? मैले त केही बुझिन । " यसरी आलोकको चरित्रलाई हेर्दा खेरी तुलनात्मक रूपमा सोझो, आफ्नो संस्कृतिप्रति कम जानिफकार र जिज्ञासु पात्रको भूमिकामा देखा परेको छ ।

**घ) निखिल :**

निखिल आलोक, प्रवीण, नागेन्द्र र आन्द्रेइको साथीको भूमिकामा देखा परेको छ । नेपाली समाजको क्षेत्री समाजको प्रतिनिधित्त्व, गरेको निखिल आफ्नो रहनसहन, परम्परा संस्कृतिसँग राम्रो परिचित पात्र पनि हो । त्यसकारण आफ्नो संस्कार र अरूको नक्कल गरेको संस्कारलाई सजिलै छुट्याउन सकेको छ । "केक काट्ने चलन हाम्रो होइन नि, हाम्रो चलनमा त सेल रोटी पकाइन्छ, फलफूल दिइन्छ । सिङ्गो वस्तु शुभ मानिन्छ । त्यसरी केक काटेर खुवाउने चलन त पश्चिमी देशहरूको पो हो ।" भन्ने अभिव्यक्तिले यस कुरालाई पुष्टि गरेको छ । यसैगरी आर्थिक रूपमा सम्पन्न मुलुकका सबै चालचलनलाई अन्धधुन्ध तरिकाले अनुशरण गर्ने सिलसिलामा पाश्चात्य चलन नेपाली समाजमा भित्रिएको हो भन्ने गहन र ध्रुवसत्य विचार निकाल्न सकेको छ । आफूले भने आफ्नै संस्कारको अनुशरण गर्नुपर्छ भन्ने संवादको सार समेत निकालेको छ । तसर्थ ऊ सोच विचारले मात्र काम गर्ने एवम् आफ्नो संस्कृतिमा झुकाव राख्ने रचनात्मक पात्र हो ।

**४.२.५.४ संवाद :**

यस जन्मोत्सव संवादमा प्रयुक्त संवाद कक्षा, पाँचमा अध्ययनरत बालबालिकाहरूको बौद्धिक स्तरबाट खस्केको छ । निकै ओजपूर्ण भनाइहरू सारगर्भित अभिव्यक्तिहरू भएका कारण अस्वभाविकता पनि खड्किएको छ । कथ्य र स्तरीय दुबै खालका संवादको प्रयोग गरिएको छ । कुराकानीको शैलीमा अगाडि बढेको संवादमा नागेन्द्र र प्रवीणको घुमाउरो अभिव्यक्तिले संवाद कृत्रिम बन्न पुगेको छ । छोटा मझौला तथा लामा गरी सबै खालका संवादको प्रयोग गरिएको छ । जे होस् सामान्य दोषबाट यस पाठमा प्रयुक्त संवाद अछुतो रहेका देखिदैनन् तर पनि प्रश्नात्मकशैली, निपात, विस्मयादिबोधक चिन्ह आदिको प्रयोगले संवाद जीवन्त बनेको छ ।

### ४.२.५५ द्वन्द्व :

यस संवादमा द्वन्द्वको कुशल संयोजन गरिएको छ । आफ्नो रितिरिवाज, चालचलन, धर्म संस्कृतिलाई आत्मसात् गर्दै अगाडि बढ्नु पर्छ भन्ने विचार समाजको एउटा पक्षको छ भने आफ्नो संस्कृतिलाई वेवास्ता गर्दै अन्धधुन्ध तरिकाले पाश्चात्य संस्कृतिलाई अनुशरण गर्नेहरूको जमात पनि यस संवादमा अप्रत्यक्ष रूपमा आएको छ। संवादका सम्पूर्ण पात्रहरू आन्द्रेइ शर्माको एघारौँ जन्मोत्सव मनाउन जाँदा सारा कार्यकलाप पाश्चात्य संस्कार बमोजिम भएपछि  प्रवीणको मनमा आन्तरिक द्वन्द्व चलेको छ । यसैगरी निखिलको विचार पनि प्रवीणकै समानान्तर भएर गएको छ । जे होस् संवादका प्रत्यक्ष सहभागीहरू आफ्नै संस्कारको समर्थनमा रितिरिवाज मनाउन चाहन्छन् र मनाइरहेका पनि छन् भने उनीहरूको बसेको समाजमा पाश्चात्य संस्कारले नराम्रोसँग डेरा जमाइसकेको छ । अन्त्यमा अरूको नक्कल नगरी आफूले आफ्ना संस्कारहरू अनुशरण गरेर आफ्ना रितिरिवाज मनाउने भन्ने निष्कर्षमा संवादको द्वन्द्व टुङ्गिएको छ । यी दुई पक्षको द्वन्द्व वैचारिक सहमतिमा पुगेको देखिदैन तर पनि संवादका पात्रहरूको झिनो द्वन्द्वचाहिँ वैचारिक सहमतिमा पुगेर संवाद समापन भएको छ ।

### ४.२.५.६ परिवेश/वातावरण

यस संवादको परिवेश कुनै सहरी वस्तीमा रहेको आन्द्रेइ शर्माको घरदेखि उसका साथीहरूको घर जाने बाटोसम्मको स्थान रहेको छ। बैशाख महिनाको नववर्षको समय यस संवादमा चित्रित रहेको छ । समय भने बेलुका सुर्यास्त हुनुभन्दा अगाडिको रहेको छ । आन्द्रेइका साथीहरूले फूलका गुच्छा दिएको तथा केक काट्ने, बत्ती निभाउने कार्यकलाप भएको प्रसङ्गले संवादको परिवेश सहरी भेगको हो भन्ने ठोस आधार खडा भएको छ । यसैगरी संवादमा चित्रित समाज मिश्रित जातजातिहरूको बसोबास भएको समाज हो किनभने आन्द्रेइ शर्मा लगायत उसका साथीहरूले चारओटा जातको प्रतिनिधित्त्व गरेका छन् । समय अवधिको चर्चा गर्नुपर्दा लगभग १५ मिनेटमा संवाद घटित भएको आभास पाउन सकिन्छ ।

### ४.२.५.७ भाषाशैली :

यस संवादमा प्रयुक्त भाषाशैली सरल र संप्रेष्य प्रकृतिको रहेको छ । संवादमा आवश्यकता अनुसार निपात तथा प्रश्नात्मक  वाक्यहरूको अधिक प्रयोग भएको छ । संवादमा लेख्य भन्दा कथ्य मानक नेपाली भाषाको प्रयोग गरिएको छ । आयामका दृष्टिले पनि छोटा मझौला संवाद प्रयोग भएकोले खास खोट लाउने स्थिति देखिदैन । अन्य जातजातिसँग प्रचलित, सुकुन्दा, सगुन जस्ता शब्दहरू पनि आएका छन् । यति भएर पनि प्रवीण र निखिलले बोलेका संवाद प्रौढ निकट र परिपक्क देखिएकोले अस्वभाविक र असहजको आभास पाउन सकिन्छ । “आफ्नो थालको भात खान मन लागेन भने त्यसमा अलिकति अर्काको थालको भात मिसाउने र स्वाद फरक पारेर खाएपनि त हुने” भन्ने प्रवीणको अभिव्यक्ति यसको उदाहरण हो ।

### ४.२.५.१ उद्देश्य :

यस संवादमा जन्मदिनको अवसरमा हरेक वर्ष मनाइने उत्सबलाई विषयवस्तु बनाइएको छ । जन्मोत्सव मनाउनु नेपालीहरूको मौलिक अस्तित्त्व, चिनारी तथा संस्कृति हो । तर जन्मोत्सवका अवसरमा आफ्नो अथाह संस्कृति, परम्परा, चालचलनलाई पूरै बेवास्ता गरी पाश्चात्य संस्कारलाई अन्धधुन्ध रूपमा अनुशरण गर्नु भनेको आफ्नो संस्कारको धज्जी उडाउनु हो । आफ्नो संस्कारको वेवास्ता गर्नु भनेको आफ्नै मौलिक पहिचान गुमाएर जातीय परिचय समाप्त पार्नु हो । तसर्थ बहुजाति मुलूक बहुसंस्कृतिले सुसज्जित रहेको छ । यस्तो संस्कृतिले भरिपूर्ण मुलुकमा सबै जातजातिले आफ्नो संस्कृतिको संरक्षण गर्न सकेमा मात्र नेपाली जाति र नेपाली संस्कृतिको अस्थित्व कायम रहन सक्छ भन्ने गहन विचार नै यस संवादको उद्देश्य हो ।

## ४.३ भाषिक सीप आर्जनका दृष्टिले विवेच्य पाठहहरूको तुलनात्मक विश्लेषण

यस शीर्षक अन्तर्गत कक्षा पाँचको सजिलो नेपाली माला भित्र समावेश गरिएका दुईओटा संवाद र कक्षा पाँचकै मेरो नेपाली पाठ्यपुपस्तकमा समाविष्ट तीनओटा संवादको तुलनात्मक विश्लेषण गरिएको छ । भाषिक सीप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । यिनै सीपका आधारमा निर्दिष्ट संवादहरूको तुलनात्मक विश्लेषण तल छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ ।

प्राथमिक तहमा रूपक शिक्षणका सुनाइ सीपका प्रयोजन निम्न अनुसार राख्न सकिन्छ :

- कुनै विषयवस्तुको वर्णन, छलफल आदि ध्यानपूर्वक सुनी तिनको अर्थ र आशय बुझी प्रतिक्रिया जनाउन,
- रूपक विधाका मौखिक अभिव्यक्ति सुनी त्यसमा प्रयुक्त चेष्टा अभिनय आदिको प्रदर्शन गर्न,
- अरूले वर्णन गरेका कुराहरू ध्यानपूर्वक सुन्न ।

### ४.३.१ सुनाइ सीपका आधारमा बाल दिवस र पत्रपत्रिका संवादको विश्लेषण

बाल दिवस संवाद सामुदायिक विद्यालयमा पढाइ हुने कक्षा पाँचको मेरो नेपाली किताबमा समाविष्ट संवाद हो । यसमा सुस्मिता, दोर्जे, बीरबहादुर र अनुपमा गरी चारजना पात्रहरू रहेका छन् । चारजना पात्रहरू बाल दिवस कसरी मनाउने भन्ने छलफलमा जुटेका छन् भने एक अर्काको विचार सुन्दै आ-आफ्नो धारणा राखेका छन् । सुनाइ सीपका लागि छोटा छरिता तथा मीठासपूर्ण वाक्य राम्रो मानिए तापनि अनुपमाले बोलेका संवाद लामा प्रकृतिका रहेका छन् । यसैगरी प्रौढ निकट स्तरीय नेपाली भाषाको प्रयोग पनि सर्वत्र नै रहेको छ । तसर्थ सुनाइ सीपका लागि उक्त संवाद कम प्रभावकारी देखिन्छ । हाउभाउ, चेष्टा, अभिनय आदिको उपयोग पनि कमै भएकोले पनि सुनाइ कम रुचिपूर्ण हुने देखिन्छ । यसैगरी संवादमा अपेक्षा गरिए अनुसार मीठासपन पनि पाउन सकिएको छैन ।

यसैगरी पत्रपत्रिका संवाद संस्थागत विद्यालयको कक्षा पाँचको 'सजिलो नेपाली माला' किताबभित्र समाविष्ट संवाद हो । सुरेश, चमेली र अमर गरी तीनजना पात्र रहेको यस संवादमा बाल दिवसको तुलनामा छोटा, छरिता र मिठासयुक्त भनाइ प्रस्तुत भएका छन् । उदाहरणको रूपमा उनीहरूको संवादको सानो अंश यस्तो छ ।

सुरेश : तिमीहरू पत्रपत्रिका पढ्दैनौ ?

चमेली : अहँ, म त पढ्दिन । को पढोस पत्रपत्रिका ? समयको खर्च मात्र ।

अमर : हो त नि अरू किताब पढेर सफल भईदैंन । त्यसैले म पनि विद्यालयका पुस्तक मात्र पढ्छु ।

वास्तवमा यी संवाद पात्रहरूको बौद्धिक स्तर अनुसार मात्र तालमेल नभएर कथ्य मानक नेपाली भाषा निकट पनि रहेका छन् । संवादको केन्द्रिय पात्र भएको र संवादको मूल मर्म उसैको विचारमा अँटाएको हुनाले सुरेशको संवाद आयामका कोणबाट केही लामा भए तापनि श्रोतालाई अर्थग्रहण गर्न कुनै बौद्धिक कसरत गर्नुपर्ने देखिँदैन । नयाँ शब्दहरूको प्रयोग पनि स्तर अनुसार थोरै भएकोले सुनाइ सीपमा खास बाधा उत्पन्न हुने देखिँदैन । यसैगरी यस संवादलाई हाउभाउ चेस्टा अभिनयको प्रदर्शन गर्नका लागि पनि उपयुक्त मान्न सकिन्छ भने संवादका पात्रहरूको विचार तथा मूल आशय सुनेर अर्थग्रहण गर्नका लागि पनि उपयुक्त मान्न सकिन्छ । यसैगरी संवादका पात्रहरूको विचार तथा मूल आशय सुनेर अर्थग्रहण गर्नका लागि पनि उपयुक्त नै देखिन्छ ।

निष्कर्षमा भन्नुपर्दा दुबै संवादमा संवादात्मक अभिव्यक्ति, अङ्ग सञ्चालन, अर्थग्रहण प्रभावपूर्ण नै देखिएकोले दुबै संवादले संवादको धर्म पालना गरेका छन् । यति हुँदाहुँदै पनि छोटा, छरिता, मिठासपूर्ण संवाद र स्वभाविक भाषाको प्रयोगले गर्दा बाल दिवसभन्दा पत्रपत्रिका संवाद बढी प्रभावकारी देखिन्छ ।

### ४.३.१.१ सुनाइ सीपका आधारमा रिसको औषधी र जन्मोत्सव संवादको तुलनात्मक अध्ययन

भाषाका चारओटा सीपहरूमध्ये सबैभन्दा पहिलो सीप सुनाइ सीप हो । कक्षा पाँचको मेरो नेपाली किताबभित्र समाविष्ट रिसको औषधी संवादमा प्रयुक्त अधिकांश संवाद छोटा र छिटफुट रूपमा मझौला प्रकृतिका रहेका छन् । उदाहरणका रूपमा लामा, छोटा तथा मझौला वाक्यहरूको केही अंश तल प्रस्तुत गरिएको छ :

- "मलाई रिस उठ्यो ।" - छोटो वाक्य
- "तिमी त केही बुझ्दिनौ । त्यसैले त आमाले तिमीलाई 'लाटी' भन्नुभएको । एकजनासँग रिस उठ्छ, अर्कालाई त्यो रिस पोख्ने भनेको क्या ।" - मझौला वाक्य
- "यदि तिमीलाई रिस उठ्यो भने एक गिलास चिसो पानी खाऊ । जससँग अथवा जो सँग रिस उठेको छ, त्यसबाट पर जाऊ । केहीबेर ओछ्यानमा पल्ट । ऐनामा आफ्नो अनुहार हेर । आफूलाई मन पर्ने भगवान्को नाम जप ।" - लामो वाक्य

त्यसकारण उक्त संवादहरू सुनेर अर्थग्रहण गर्न बालबालिकाहरूलाई निकै सहज हुने देखिन्छ । एकातर्फ सबै ठाउँ र परिवेशका बाल बालिकाहरूको अनुभवको दायराभित्रको विषयवस्तु रहेको छ भने उक्त विषयवस्तुलाई पस्कने संवाद सुनेर अर्थ ग्रहण गर्नका लागि बौद्धिक कसरत पनि गर्नुपर्दैन । छोटा संवादभित्र पनि स्वभाविक शैली, हाउभाउ, चेष्टा, अभिनय आदिको आवश्यक संयोजन गरी संवाद तयार गरिएको हुँदा सुनाइ सीपलाई थप रुचि पुऱ्याउने स्थिति रहेको छ । यसैगरी थोरै पात्र भएकाले गर्दा सुनाइमा कुनै अन्योलको सिर्जना हुने स्थिति पनि न्यून रहेको छ ।

कक्षा पाँचको 'सजिलो नेपाली माला' भित्र समाविष्ट जन्मोत्सव संवादको विषयवस्तु पनि बालबालिकाहरूको रुचिलाई सम्बोधन गर्ने खालको रहेकोछ । संवादको वाक्य गठन छोटा मझौला तथा लामा गरी सबै आयामका भए तापनि सुनेर अर्थग्रहण गर्नमा खासै समस्या देखिँदैन । फरक फरक जाति र संस्कृतिको प्रतिनिधित्व भएकोले मिश्रित समाजको विद्यालयमा निकै रुचिकर संवाद बन्न पुग्छ । यति भएर पनि लैङ्गिक रूपमा पात्रहरूको समानुपातिक प्रतिनिधित्व नभएका कारण छात्राहरूका लागि सुनाइमा पट्यार लाग्ने अवस्था भई कम रुचि जाग्न सक्छ । यसैगरी संवादको मूलभाव, वक्ताहरूको जीवनदृष्टि पनि बालबालिकाहरूको स्तरभन्दा माथि रहेको छ । उनीहरूको तर्क, संस्कृतिप्रतिको दृष्टि पनि प्रौढ निकट देखिएकोले सुनेर अर्थग्रहणमा निकै बाधा पुग्न सक्ने देखिन्छ । अष्टचिरञ्जीवी, आन्द्रेइ, दीर्घायु, जस्ता कठिन शब्दहरू सुनेर उच्चारण गर्न पनि कठिन हुने देखिन्छ ।

यसरी माथिका दुईओटा संवादलाई सुनाइ सीपका आधारमा विश्लेषण गर्दा रिसको औषधी संवादको विषयवस्तु, त्यसको प्रस्तुति प्रक्रिया, हाउभाउ, चेष्टा, अभिनय आदिको आवश्यक उपयोग गरी निर्माण गरिएको हुनाले सुनाइ सीप विकासमा अपेक्षित रूपमा टेवा पुग्ने देखिन्छ । अर्थात् सुनाइ सीप विकासका दृष्टिले खास खोट लाउने ठाउँ छैन भने जन्मोत्सव संवादमा तुलनात्मक रूपमा माथि उल्लेख गरिएका कुराहरूको उचित संगठन नभएकोले जन्मोत्सव संवाद भन्दा रिसको औषधी संवाद बढी प्रभावकारी रहेको स्पष्ट छ ।

#### ४.३.१.२ सुनाइ सीपका आधारमा परीक्षाको तयारी जन्मोत्सव र पत्रपत्रिका संवादको अध्ययन

कक्षा पाँचको मेरो नेपाली किताब भित्र समाविष्ट परीक्षाको तयारीमा सरोज र सलमा गरी दुई जना पात्र रहेका छन् । भोलिपल्टको परीक्षाको तयारीको विषयवस्तुका केन्द्रित रहेको यो

संवादको विषयवस्तु बालबालिकाहरूको अनुभवको सेरोफेरोसँगै सम्बन्धित रहेको छ । कठिन तथा नयाँ शब्दहरूको सङ्ख्या उनीहरूको स्तरभन्दा बढी भएको कारण श्रुतिउच्चारण कार्यकलाप पट्यारलाग्दो हुने स्थिति रहेको छ । बालबालिकाहरूको बौदिक स्तर भन्दा माथिल्लो तहका वाक्यहरू भएकोले सुनेर वर्णन गर्न पनि केही कठिन हुने अवस्था छ । लामा लामा वाक्यगठन, औपचारीक, लेख्य स्तरीय भाषाको प्रयोग नयाँ शब्दहरूको बढी चाप, आदिका कारण सुनेर अर्थग्रहण गर्न कठिन हुने देखिन्छ भने उपयुक्त हाउभाउ, चेष्टा अभिनय अङ्ग सञ्चालन आदिको आवश्यक उपयोग नभएकोले सुन्नमा पट्यारलाग्दो स्थिति पनि छ ।

जन्मोत्सव संस्थागत विद्यालयको सजिलो नेपाली माला किताबभित्र समाविष्ट संवाद हो । यस संवादमा छोटा, मझौला तथा लामा आयामका संवादहरू रहेका छन् । यी सबै आयामका संवादहरू सुनेर अर्थग्रहण गर्न कुनै समस्या देखिदैन । विषयवस्तुलाई विश्लेषण गर्ने हो भने सबै परिवेशमा समान रुचि पैदा गर्ने स्थिति देखिदैन । कठिन तथा नवीन शब्द प्रयोग स्थिति ठिकै मान्न सकिन्छ । यसको सामान्य श्रुति उच्चार्थ कार्यकलाप गराइसकेपछि संवादका कुनै अंशलाई श्रुतिलेखन कार्यकलाप गराउन सकिन्छ । यति भएर पनि लैङ्गिक सहभागिता  यस संवादमा समानुपातिक नहुनुले छात्राहरूका लागि कम रुचिकर हुने स्थिति पनि रहेको छ , यस्तै संवादको मूलमर्म, वक्ताहरूको जीवनदृष्टि, तार्किक क्षमता स्तरभन्दा माथि रहेको हुँदा सुनेर पूरा संवादको अर्थग्रहण गर्न निकै कठिन हुने देखिन्छ, यद्यपि अभिनय विधिद्वारा यस संवादलाई शिक्षण गरी सुनाइ सीपमा थप रुचि उत्पन्न गर्न सकिन्छ । ओजपूर्ण मर्म भएकोले सुनेर सारांश लेख्न भने पत्रपत्रिका संवाद कठिन हुने देखिन्छ । संस्थागत विद्यालयकै सजिलो नेपाली माला किताबमा समाष्टि संवाद हो ।  यस संवादमा तुलनात्मक रूपमा छोटा, छरिता र मिठासले भरिपूर्ण वाक्यहरूको प्रयोग गरिएको छ । यसले गर्दा बालबालिकाहरूको सुनाइ सीप विकासमा निकै टेवा पुऱ्याउने देखिन्छ । संवादमा प्रयुक्त भाषाशैली मानक भाषाको निकट रहेकोले सुनेर अर्थग्रहण गर्न सिकारुलाई निकै सहज हुने देखिन्छ । कठिन तथा नवीन शब्दहरूको सङ्ख्या सीमित भएको कारण तिनीहरूको श्रुति उच्चारण, श्रुतिलेखन आदि कार्यकलाप पनि रोचक हुने अवस्था छ भने उक्त कार्यकलाप पश्चात् संवादका खास खास अंशहरू श्रुतिलेखन आदि कार्यकलाप पनि रोचक ढङ्गले सञ्चालन गर्न सकिने अवस्था छ भने उक्त कार्यकलाप पश्चात् संवादका खास खास अंशहरू श्रुतिलेखन गराउन पनि सकिन्छ । यस संवादलाई अभिनय विधिद्वारा

शिक्षण गर्न सकिने भएकोले सुनाइ, सीप विकासमा निकै टेवा पुग्ने देखिन्छ । निष्कर्षमा भन्नुपर्दा उक्त संवादमा प्रयुक्त भनाई छोटा छरिता मिठासपूर्ण एवम् कथ्य स्तरीय भएकोले सुनेर अर्थग्रहण गर्नमा उपयुक्त छ ।

माथिका संवादहरूको निष्कर्षमा के भन्न सकिन्छ भने परीक्षाको तयारी संवादमा लामा लामा वाक्यहरूको बहुलता रहेको, कठिन तथा नूतन शब्दहरूको चाप बढी भएको तथा हाउभाउ, चेष्टा, अभिनय आदिको कम उपयोग गरिएको तथा प्रौढ स्तरीय भाषा प्रयोगले गर्दा सुनाइ सीपका लागि तुलनात्मक रूपमा निम्न स्तरको रहेको छ भने माथिका कमजोरीबाट केही हदसम्म जन्मोत्सव संवाद मुक्त रहेकोले सुनाइ सीप विकासका लागि उक्त संवाद मध्यम प्रकृतिको रहेको छ । पत्रपत्रिका संवादमा भने यी सम्पूर्ण कुराहरूको तुलनात्मक रूपमा उपयुक्त ढङ्गले संयोजन गरिएकोले सुनाइ सीप विकासका लागि उक्त संवाद उच्च स्तरको रहेको छ ।

### ४.३.२ बोलाइ सीपका आधारमा विवेच्य पाठहरूको तुलनात्मक अध्ययन

भाषा शिक्षणका सन्दर्भमा सुनाइ सीपको विकास पछि विकास हुने सीप बोलाइ सीप हो । भाषा सिकाइका क्रममा व्यक्तिले कुनै कुरा सुनेर जे अभिव्यक्त गर्दछ त्यो बोलाइ हो । बोलाइ भाषाको मौखिक रूप हो । व्यक्तिले अरूले भनेका कुरा सुनिसकेपछि त्यसको अर्थ ग्रहण गरेर ठीक मात्रामा उत्तर दिने कार्यका लागि बोलाइको आवश्यकता पर्दछ । प्राथमिक तह नेपाली भाषा पाठ्यक्रममा रूपक विधाका पाठहरूबाट बोलाई सीपका लागि कुनै उद्देश्य किटान नगरेको भएपनि सारमा निम्न उद्देश्य राख्न सकिन्छ,

- रूपक पाठका प्रयुक्त शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,
- पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न,
- संवादात्मक अभिव्यक्तिका मुख्य मुख्य कुरा बताउन,
- रूपक विधाका पाठहरूको सिलसिला मिलाई मौखिक वर्णन गर्न ।

### ४.३.२.१ बोलाइ सीपका आधारमा पत्रपत्रिका र बाल दिवस संवादको अध्ययन

सामुदायिक विद्यालयको मेरो नेपाली किताबमा समाविष्ट बाल दिवस संवाद बालबालिकाहरूको बोलाई सीप विकासका निकै उपयोगी हुने देखिन्छ । बालबालिकाहरूकै अनुभवको विषयवस्तु भएका कारण संवादका पात्रहरूको संवादात्मक अभिव्यक्तिको आशय

आफ्नै शब्दमा बताउन लगाउन सकिन्छ । सुस्मिता, दोर्जे र वीरबहादुरले बोलेका अधिकांश संवाद छोटा तथा मझौला प्रकृतिका रहेका छन् । प्रश्नात्मक वाक्य, निपात आदिले भाषामा मिठास थपेको छ । यति भएर पनि अनुपमाले बोलेका अधिकांश वाक्यहरू लामा तथा बौद्धिक चापले किचिएका छन् । यसले गर्दा बालबालिकाहरूलाई संवाद सुनेर मौखिक प्रतिक्रिया दिन गाह्रो हुने देखिन्छ । यसैगरी क्याल्सियम, प्रोटिन स्वस्थ्य  जस्ता शब्दहरूको प्रयोग पनि कक्षा पाँचमा अध्ययनरत बालबालिकाहरूको पहुँचभन्दा बढी भएकोले श्रुति उच्चारण कार्यकलाप बोझिलो हुने देखिन्छ ।

यसैगरी पत्रपत्रिका संवादको चर्चा गर्नुपर्दा सुरेश, चमेली र अमर गरी तीनजना पात्रहरू रहेका छन् । उनीहरूको संवादमा सरल, सहज तथा स्वभाविक बोलीचालीको छनक पाइने हुनाले बोलाइ सीपमा पर्याप्त टेवा पुऱ्याउने देखिन्छ । वाक्यगठन सामान्य प्रकृतिको भएकोले बालबालिकाहरूलाई सिलसिला मिलाई मौखिक वर्णन गर्न सहज हुने देखिन्छ । बौद्धिक चापमा कुनै पनि संवाद नपरेकोले बालबालिकाहरूले सुनेर मोखिक वर्णन गर्न सक्छन् भने कठिन तथा नवीन शब्दको प्रयोग बालबालिकाहरूको स्तर अनुसार भएकोले श्रुति उच्चार्य कार्यकलाप गराउन सकिन्छ । यसैगरी छोटा आयामका वाक्यहरू भएकोले अभिनयात्मक ढङ्गले पनि मौखिक कार्यकलाप अगाडि बढाउन सकिन्छ । निष्कर्षमा समसामयिक साझा विषयवस्तु, छोटा छरिता संवादको प्रयोग भएकोले यस पाठमा प्रयोग भएका संवादहरूका भावलाई शिष्ट भाषाको प्रयोग गरी हाउभाउ मिलाएर प्रभावकारी ढङ्गले अभिव्यक्त गर्न बालबालिकाहरूलाई सहयोग मिल्ने देखिन्छ ।

माथिको विश्लेषणका आधारमा पत्रपत्रिका र बाल अधिकार संवादमध्ये बोलाइ सीप विकासका लागि पत्रपत्रिका संवाद बढी उपयोगी रहेको छ ।

### ४.३.२.२ बोलाइ सीपका आधारमा रिसको औषधी र जन्मोत्सव संवादको तुलनात्मक अध्ययन

कक्षा पाँचको मेरो नेपाली किताबमा समाविष्ट रिसको औषधि संवादको विषयवस्तु बालबालिकाहरूको रुचि अनुसारको भएकाले बोलाइ सीपलाई निकै टेवा पुऱ्याउने देखिन्छ । यस संवादमा वक्ताहरूले स्वतः रूपमा आफ्ना विचारहरू राखेका छन् । कठिन तथा नूतन शब्द सङ्ख्या पाँचओटा मात्र रहेकोले उक्त शब्दहरूको उच्चारण कार्यकलाप पनि निकै प्रभावकारी हुने देखिन्छ । संवाद आयामका दृष्टिले पनि उपयुक्त मान्न सकिन्छ । छोटा तथा

मझौला प्रकृतिका संवादको प्रयोग गरिएकोले संवादको भावलाई स्तर अनुसार शिष्ट भाषाशैलीको प्रयोग गरी हाउभाउ मिलाएर प्रभावकारी ढङ्गले मौखिक अभिव्यक्ति दिन उपयुक्त खालको रहेको छ । प्रश्नात्मक वाक्य, निपात आदिले भाषामा मिठास थपेको छ । आवश्यक हाउभाउ, ठसक्क जस्ता अनुकरणात्मक शब्द आदि संवादमा प्रयोग भएकोले हाउभाउ मिलाएर प्रभावकारी ढङ्गले अभिव्यक्त गर्न बालबालिकाहरूलाई सहयोग मिल्ने देखिन्छ । विषयवस्तु अमूर्त भएर पनि अनुभवको सेरोफेरोको विषयवस्तु भएकाले सविस्तार वर्णन गर्न पनि खासै समस्या हुने देखिदैन । समग्रमा भन्नुपर्दा कथ्य निकट, पात्रको संवेगात्मक अवस्था अनुसारको एवम् कक्षा पाँचमा अध्ययनरत बालबालिकाको बौद्धिक स्तर अनुसार भाषा र बाल सुलभ शैली भएकोले बोलाइ सीपका लागि उपयुक्त संवाद मान्न सकिन्छ ।

यसैगरी संस्थागत विद्यालयको 'सजिलो नेपाली माला' भित्र राखिएको संवाद सहरी तथा विकसित ग्रामीण परिवेशका बालबालिकाहरूका लागि उपयुक्त विषयवस्तु भए तापनि अविकसित ग्रामीण परिवेशका वा जन्मोत्सव संस्कारलाई व्यावहारमा स्थापित नगर्ने समुदायका बालबालिकाहरूका लागि भने नूतन विषय बन्न पुग्ने देखिन्छ । यसैगरी धर्म संस्कृतिसँग सम्बन्धित शब्दहरूको उच्चारणमा केही समस्या हुने देखिन्छ । यति हुँदाहुँदै पनि सहरी तथा मिश्रित जातजातिको बसोवास भएको परिवेशमा भने यो संवाद उच्च कोटीको रहेको छ । संवादको मूलभाव निकै ओजपूर्ण भएकोले यस मूलभावलाई बालबालिकाहरूले शिष्ट भाषाको प्रयोग गरी हाउभाउ मिलाएर प्रभावकारी ढङ्गले अभिव्यक्त गर्न कठिन हुने देखिन्छ ।

माथिको विश्लेषणका आधारमा संवाद जन्मोत्सव भन्दा रिसको औषधी संवाद बोलाइ सीप विकासका लागि महत्त्वपूर्ण रहेको छ ।

### ४.३.२.३ बोलाइ सीप विकासका आधारमा परीक्षाको तयारी, जन्मोत्सव र पत्रपत्रिका संवादको तुलनात्मक अध्ययन

परीक्षाको तयारी सामुदायिक विद्यलायमा पढाइ हुने कक्षा पाँचको 'मेरो नेपाली किताब' मा समाविष्ट संवाद हो । सरोज र सलमा गरी दुई जना मात्र पात्र रहेको यस संवादमा परीक्षाको तयारीको उद्देश्य लिइ एक आपसमा प्रश्नोत्तर शैली अपनाएर कुराकानी अगाडि बढाएको छ । स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने खानपान, आराम, कसरत आदिका बारेमा

गहन छलफल गरिएको यो संवाद बोलाइ सीप विकासका लागि भने कम महत्त्वपूर्ण भने देखिन्छ । क्याल्सियम, प्रोटिन, खाद्यपदार्थ जस्ता कठिन र नूतन शब्दहरूको प्रयोग भएकोले बालबालिकाहरूलाई शुद्धोच्चारणमा केही समस्या हुने देखिन्छ । यस्तै स्वास्थ्यसँग सरोकारका विषयमा सामान्य छलफल गराउन संवाद उपयोगी भए तापनि वाक्यहरू लामा लामा तथा पात्रको बौद्धिक स्तरभन्दा माथिल्लो स्तरका भएकोले उनीहरूको भूमिका निर्वाह गर्न गाह्रो तथा पट्यार लाग्दो हुने देखिन्छ । निष्कर्षमा भन्नुपर्दा यो संवाद बोलाई सीप विकासका लागि कम प्रभावकारी देखिन्छ ।

कक्षा पाँचको 'सजिलो नेपाली माला' भित्र समावेश गरिएको जन्मोत्सव संवाद रीतिरिवाज, चालचलन, धर्म संस्कृतिसँग सम्बन्धित विषयवस्तु भएकोले बोलाइ सीप विकास गराउनका लागि चार चार जनाको समूह बनाइ अभिनय गराउन पनि सकिन्छ । दीर्घायु, सुकुन्दा, आशिर्वाद जस्ता शब्दहरूलाई शुद्धोच्चारणको अभ्यासद्वारा बोलाइ सीपको विकास गराउन सकिन्छ । संवादको विषयवस्तु निरस नभएको तथा संवादहरू छोटा मझौला एवम् लामा प्रकृतिका भएकोले सिलसिला मिलाइ हाउभाउपूर्ण ढङ्गले अभिव्यक्त गराउन सकिन्छ । यति भएर पनि संवादको मर्म निकै ओजपूर्ण एवम् कक्षा पाँचमा अध्यायनरत बालबालिकाहरूको बौद्धिक स्तरभन्दा केही माथिल्लो स्तरको भएकोले सारांश कथनका लागि भने कम उपयोगी हुने देखिन्छ । विशेषगरी जन्मोत्सवको संस्कारलाई अनुशरण गर्ने अनि मिश्रित जातजातिको बसोवास भएको समुदायका बालबालिकाहरूका लागि सिलसिला मिलाइ हाउभाउ मिलाइ प्रभावकारी ढङ्गले अभिव्यक्त गराएर बोलाइ सीप विकासमा टेवा पुग्ने देखिन्छ । यति हुँदाहुँदै पनि लैङ्गिक रूपमा पात्रहरूको सहभागिता समानुपातिक किसिमको नभएकाले लैङ्गिक रूपमा समान रुचि भने यस संवादले गराउन सक्ने स्थिति कम छ ।

यसैगरी संस्थागत विद्यालयको 'सजिलो नेपाली माला' पुस्तकमा समाविष्ट पत्रपत्रिका संवादमा तीनजना पात्र रहेका छन् । पत्रपत्रिकाको महत्त्वको विषयमा केन्द्रित यस संवादमा छोटा तथा मझौला प्रकृतिका संवाद भएकोले सुनेर प्रतिक्रिया जनाउन सक्ने स्थिति देखिन्छ । भाषाशैली कथ्य निकट, मिठासले भरिएको एवम् स्वभाविक रहेकोले गर्दा बोलाइ सीपमा सहयोग पुग्ने देखिन्छ । समसामयिक, साझा विषयवस्तु छोटा छरिता संवादको प्रयोग भएकोले संवादको भावलाई शिष्ट भाषाको प्रयोग गरी हाउभाउ मिलाएर प्रभावकारी ढङ्गले अभिव्यक्त गर्न सहयोग मिल्ने देखिन्छ । यसैगरी संवादका सम्पूर्ण पात्रको संवादको वर्णन

गर्न बालबालिकाहरूलाई कुनै समस्या पर्ने देखिदैन । यसैगरी कठिन तथा नूतन शब्दहरूको प्रयोग पनि विद्यार्थीहरूको पँहुच अनुसार गरिएकोले उक्त शब्दहरूको शुद्धोच्चारणको अभ्यास गराउन सकिन्छ । मूल मर्म पनि विद्यार्थीको स्तर अनुसारको भएकोले सारांश कथन गराइ बोलाइ सीप विकास गराउन मद्दत पुग्ने देखिन्छ । पत्रपत्रिका, परीक्षाको तयारी जन्मोत्सबलाई विश्लेषण गर्दा बोलाइ सीप विकासका लागि परीक्षाको तयारी निम्न स्तरको, जन्मोत्सव मध्यम र पत्रपत्रिका संवाद उच्च स्तरको रहेको छ ।

### ४.३.३ पढाइ सीपका आधाका विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण

सुनाइ र बोलाइ पछिको अर्को महत्त्वपूर्ण भाषिक सीप पढाइ हो । सुनाइ, बोलाइ र पढाइ सीप उच्चारणसँग सम्बन्धित रहेका छन् । उच्चारण भाषिक सीपको आधार हो । उच्चारण अङ्गहरूको सहयोगबाट भाषाको शुद्ध किसीमले उच्चारण भएमा मात्र विचारको अभिव्यक्ति सहज र प्रभावकारी बन्दछ । शुद्ध उच्चारण, स्पष्ट बोली र त्रुटिरहित लवज पढाइ सीपका लागि नभइ नहुने तत्त्व मानिन्छ । कक्षाको तह र स्तर अनुसार सस्वर पढाइ र मौन पढाइ गरी पढाइलाई विभाजन गर्न सकिन्छ । साना कक्षाका लागि सस्वर पढाइ र ठूलो कक्षाका लागि मौन पढाइ प्रभावकारी हुन्छ । समग्रमा रूपक विधाका पढाइ सीपका उद्देश्यहरू यस प्रकार छन् ।

- रूपक विधाका पाठहरू गति, यति, मिलाइ शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न,
- पठन बोधका दृष्टिले मौनवाचन गर्न,
- पठित शब्दको सन्दर्भपूर्ण रूपमा प्रयोग गर्न,
- रूपक विधाको पाठहरू पढी शब्दभण्डार वृद्धि गर्न,

#### ४.३.३.१ पढाइ सीपका आधारमा बाल अधिकार र पत्रपत्रिका संवादको अध्ययन

'बाल दिवस' संवादमा चारजना पात्रहरू रहेका छन् । यस संवादमा वक्ताहरूले स्वतः स्फुर्त रूपमा आफ्ना विचारहरू राखेको पाइन्छ । पाठको छनोट र स्तरण कक्षा पाँचमा अध्ययनरत बालबालिकाहरूको सम्बोधन गर्न खोजिएको छ । प्रश्नात्मक वाक्य, निपात आदिको प्रयोगले गर्दा भाषामा सामान्य मिठासपन पाउन सकिन्छ । कठिन शब्दहरूको चाप तुलनात्मक रूपमा बढी भएकोले कारणले पढाइ सीपमा सामान्य बाधा पर्ने स्थिति रहेको छ । अझ अनुपमाले बोलेका वाक्यहरू त सस्वर तथा मौन पठनका लागि दिक्दार लाग्दो समेत रहेको

छ । यस्तै औपचारिक र प्रौढ स्तरीय भाषाको प्रयोगले पनि पढाइप्रति वितृष्णा सिर्जना गर्ने देखिन्छ । लामा लामा वाक्य, हाउभाउ, चेस्टा, अभिनय आदिको आवश्यक रूपमा उपयोग नगरिएकोले पढाइ सीप विकासका लागि उक्त संवाद कम प्रभावकारी छ ।

यसैगरी संस्थागत विद्यालयको पाठ्यपुस्तकमा राखिएको 'पत्रपत्रिका' संवादमा प्रयुक्त भाषाशैली बोलचालको भाषाको निकट रहेको छ । छोटा छोटा वाक्य तथा स्वभाविक शैलीको प्रयोग भएकोले संवादका पात्रको बोलीचाली हाउभाउ आदिको दुरुस्त अनुशरण गरी सस्वर वाचन गर्न पनि कुनै समस्या देखिदैन ।

यसैगरी प्रस्तुत संवादको मूल मर्म ठम्याई सारांश कथन पनि गराउन सकिन्छ । हाउभाउ, चेष्टा, अभिनय आदिको आवश्यक उपयोग गरी संवाद तयार गरिएकोले गर्दा पनि पढाइ सीपमा उक्त पाठ उपयुक्त मान्न सकिन्छ । अर्थात् यस संवादलाई सस्वर वाचन गर्ने सिलसिलामा विद्यार्थीलाई कुनै पट्यार लाग्ने स्थिति रहेको छैन । कठिन र नूतन शब्दको प्रयोग विद्यार्थीको बौद्धिक स्तर अनुसारको भएकोले उक्त शब्दहरूको शुद्धोच्चारको सामान्य अभ्यास गराइसकेपछि पढाइ सीप विकास गराउन अति सहयोगी हुने देखिन्छ । यसै गरी पाठमा प्रयुक्त खास खास शब्दहरूलाई सन्दर्भपूर्ण प्रयोग गरिएका वाक्यहरू पनि पठनको अभ्यास गराउन सकिन्छ ।

माथिका बिश्लेषणका आधारमा पढाइ सीप विकासका लागि बाल अधिकार भन्दा पत्रपत्रिका संवाद बढी प्रभावकारी देखिन्छ ।

### ४.३.३.२ पढाइ सीपका आधारमा रिसको औषधी र जन्मोत्सव संवादको अध्ययन

रिसको औषधी संवाद सामुदायिक विद्यालयमा पढाइ हुने कक्षा पाँचको 'मेरो नेपाली किताब' भित्र समाविष्ट पाठ हो । यस संवादमा वक्ताहरूले स्वतः स्फुर्त रूपमा आफ्ना विचारहरू राखेका छन् । पाँच ओटा मात्र कठिन तथा नूतन शब्दहरूको प्रयोग भएकोले उक्त शब्दहरूको शुद्धोच्चरणमा अभ्यस्त बनाइ सकेपछि दुई/दुई जनाको दरले पालो मिलाएर गति यति र लय मिलाएर शुद्ध र स्पष्ट रूपमा सस्वरवाचनको अभ्यास गराउन सकिन्छ । त्यस्तै मुखमुद्रा हाउभाउ र अङ्ग सञ्चालनको कुशल संयोजन गरी पढ्ने अभ्यास गराउन सकिन्छ । विषयवस्तु पनि सरल तथा बालबालिकाहरूको बौद्धिक स्तरको भएकोले उनीहरूले संवाद पढेर मुख्य मुख्य कुरा बताउन तथा यसको सारांश समेत बताउन त्यति गाह्रो

देखिदैन । यस्तै कथ्य स्तरीय नेपाली भाषाको प्रयोग हुनाका साथै भाषामा मीठासपन पाउन सकिन्छ । त्यसैले पढाइ सीप विकासका लागि यो संवाद निकै प्रभावकारी रहेको छ ।

जन्मोत्सव संवाद संस्थागत विद्यालयमा पढाइ हुने 'सजिलो नेपाली माला' किताबभित्र समाविष्ट संवाद हो । जन्मोत्सव मनाउने संस्कृति यस संवादको विषयवस्तु भएकोले धर्म सस्कृतिसँग सम्बन्धित शब्दभण्डारको विकासमा यस संवादले ठूलो टेवा पुऱ्याउने अपेक्षा गर्न सकिन्छ । वाक्य गठन छोटा तथा मझौला एवम् छिटफुट रूपमा लामा वाक्य पनि रहेका छन् । लगभग १४/१५ ओटा कठिन तथा नूतन शब्दहरू प्रयोग गरिएकोले पढाइ सीपमा व्यवधान खडा गर्ने स्थिति छ । यसैगरी सम्पूर्ण संवाद पढेर मुख्य मुख्य कुरा तथा सारांश बताउन पनि समस्या हुने देखिन्छ । निष्कर्षमा भन्नु पर्दा संवादले बोकेको मर्म तथा विचार संवादका पात्रको भन्दा केही माथिल्लो स्तरको भएकोले पढेर अर्थ ग्रहण गर्न थोरै बाधा पुग्ने स्थिति रहेको छ ।

माथिको विश्लेषणका आधारमा जन्मोत्सव भन्दा रिसको औषधी संवाद पढाइ सीप विकासका लागि बढी उपयोगी एवम् प्रभावकारी हुने देखिन्छ ।

### ४.३.३.३ पढाइ सीपका आधारमा परीक्षाको तयारी जन्मोत्सव र पत्रपत्रिका संवादको अध्ययन

'परीक्षाको तयारी' संवादमा सरोज र सलमा गरी दुईजना मात्र पात्र रहेका छन् । विद्यार्थी वर्गले परीक्षाको तयारीका लागि गरेको पूर्व तयारीको विषयवस्तुमा यो संवाद केन्द्रित रहेको छ । नूतन तथा कठिन शब्दहरूलाई पटक पटक शुद्धोच्चरणको अभ्यास गराइसकेपछि पालो मिलाइ गति, यति र हाउभाउसहित सरोज र सलमाको भूमिकामा सस्वर वाचनको अभ्यास गराउन सकिन्छ । यसका साथै सस्वर वाचनमा अभ्यस्त भइसकेपछि मौन वाचनको अभ्यास पनि गराउन सकिन्छ । वाक्य गठन लामा लामा भएका कारण पढाइ सीपमा त्यति उपयुक्त संवाद चाहिँ यसलाई मान्न सकिदैन । कठिन शब्दहरूको पनि स्तरभन्दा बढी नै प्रयोग गरिएको छ । हाउभाउ, मुखमुद्रा एवम् अङ्ग सञ्चालनको संयोजनमा पनि त्यति प्रभावकारी ढङ्गले सङ्गठन गरिएको नभएका कारण पढ्न पट्यारलाग्दो एवम् निरस हुने देखिन्छ । त्यतिमात्र नभएर भाषाशैली लेख्य स्तरीय प्रौढ निकट बालबालिकाहरूको बौद्धिक स्तरभन्दा माथि भएका कारण पढाइ सीपको कोणबाट उक्त संवाद फितलो देखिन्छ ।

यसैगरी संस्थागत विद्यालयको पाठ्यपुस्तकमा समावेश गरिएको ‘जन्मोत्सव’ संवाद जन्मोत्सव मनाउने सांस्कृतिक विषयवस्तुमा आधारित रहेको छ । यस संवादको शिक्षणपछि विद्यार्थीहरूमा धर्म संस्कृतिसँग सम्बन्धित शब्दभण्डारको विकासमा निकै टेवा पुग्ने देखिन्छ । प्रश्नात्मक वाक्य, निपात आदिको प्रयोगले भाषामा मीठासपन पाउन सकिन्छ । यसका साथै पढाइ सीपका लागि बालबालिकालाई थप आकर्षण गराउन सकिन्छ । यसैगरी हाउभाउ अङ्ग सञ्चालन तथा मुखमुद्राको संयोजनमा पनि ध्यान दिएका कारण चार/चार जनाको पालो मिलाई गति, यति र हाउभाउ मिलाइ नाटकीय ढङ्गले सस्वरवाचन गराउन सकिन्छ । यति हुँदाहुँदै पनि १५ ओटा कठिन शब्द भएका कारण पढाइमा व्यवधान उत्पन्न हुने देखिन्छ भने संवादले बोकेको मर्म र विचार विद्यार्थीको बौद्धिक स्तरभन्दा माथिल्लो स्तरको र गहन भएका कारण सारांश पढेर मुख्य मुख्य कुरा बताउन तथा सारांश कथन गराउनका लागि उक्त संवाद त्यति उपयोगी मान्न सकिदैन । तसर्थ पढाइ सीप विकासका लागि उक्त संवाद मध्यम स्तरको रहेको छ ।

संस्थागत विद्यालयको पाठ्यपुस्तकमा राखिएको अर्को संवाद ‘पत्रपत्रिका’ हो । सुरेश, चमेली र अमर गरी जम्मा तीनजना पात्र भएको उक्त संवादले पत्रपत्रिका पढ्नु आफ्नो ज्ञानको फाँटलाई फराकिलो र उर्वर बनाउनु हो भन्ने अभिप्राय बोकेको छ । कथ्य स्तरीय भाषाको प्रयोगले पढाइ सीप विकासमा उक्त संवाद महत्त्वपूर्ण मान्न सकिन्छ । वाक्यगठनलाई हेर्ने हो भने अमर र चमेलीले बोलेका अधिकांश वाक्य छोटा छरिता रहेका छन् भने संवादको केन्द्रिय पात्र सुरेशले बोलेका संवाद तुलनात्मक रूपमा लामा छन् । भाषाशैली सरल र सहज भएकोले सस्वर तथा मौन पठनमा कुनै पट्यारो लाग्ने स्थिति बन्ने देखिदैन । कठिन शब्दहरूको सङ्ख्या बालबालिकाहरूको बौद्धिक पँहुच अनुसार राखिएकोले उक्त शब्दहरूको शुद्धोच्चारणको अभ्यासपछि गति, यति र हाउभाउ मिलाएर अभिनयात्मक ढङ्गले सस्वर वाचनको अभ्यास गर्न सकिन्छ । विषयवस्तु तुलनात्मक रूपमा सरल भएका कारण विद्यार्थीहरूलाई मौन वाचन गर्न लगाइ उनीहरूकै भाषामा मुख्य सार वर्णन गर्न लगाउन सकिन्छ ।

निष्कर्षमा भन्नुपर्दा विद्यार्थीको क्षमता र स्तर अनुसार शब्दभण्डार, वाक्यगठन तथा विषयवस्तुको संयोजन गरिनुका साथै स्वभाविक भाषाशैलीको प्रयोग र हाउभाउ, मुखमुद्रा

अङ्ग सञ्चालनको संयोजन गरिएकोले पढाइ सीप विकासका लागि उक्त संवाद प्रभावकारी मान्न सकिन्छ ।

माथिको विश्लेषणका आधारमा पढाइ सीप विकासका लागि परीक्षाको तयारी निम्न स्तरको देखिन्छ भने जन्मोत्सव संवाद मध्यम र पत्रपत्रिका संवाद उच्च स्तरको मान्न सकिन्छ ।

### ४.३.३.४ लेखाइ सीपका आधारमा विवेच्य पाठहरूको तुलनातमक विश्लेषण

भाषाका चार सीपहरूमध्ये सुनाइ, बोलाइ र पढाइ पछि अन्तिम चरणमा विकास हुने सीप लेखाइ सीप हो । आफूले भोगेका देखेका सुनेका अनुभव गरेका कुराहरूलाई लेख्य चिन्हको माध्यमबाट लिपिबद्ध गर्ने भाषिक कार्यकलाप लेखाइ हो । भाषाका सुनाइ, बोलाइ र पढाइ सीप क्षणिक हुन्छन् भने लिपीमा उतारेका सामग्री लामो समयसम्म रहन्छन् । लेख्य कार्यकलाप सञ्चालन गर्न मानिसको मस्तिष्क र शारीरिक अङ्ग दुवै क्रियाशील हुनुपर्दछ । व्यक्तिका विचार, चिन्तन, दर्शन, सोचाइ र अनुभवलाई चीर कालसम्म स्थायी राखेर बचाई राख्ने माध्यम लेखाइ हो । व्यक्तिगत व्यवहार, सामाजिक व्यावहारलाई पारदर्शी बनाउन पनि कतिपय ठाउँमा लेखाइको आवश्यकता खड्किन्छ । अड्डा, अदालत, प्रशासनिक कार्यलयमा काम सम्पन्न गर्ने माध्यम पनि लेखाइ हो । तसर्थ लेखाइ सीप भाषाको मेरुदण्ड हो । बालबालिकाहरूमा लेखाइ सीपको विकास गर्न अनुलेखन, श्रुतिलेखन, अनुभव लेखन, अनुच्छेद लेखन, सारांश लेखन चिठी लेखन, संवाद लेखन, प्रश्नोत्तर लेखन, निबन्ध लेखन, मनोवाद लेखन जस्ता कार्यकलाप अपनाउन सकिन्छ । समग्रमा लेखाइ सीपको विकासका लागि रूपक विधाबाट निम्न अनुसार अपेक्षा गर्न सकिन्छ ।

- पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न,
- रूपक विधाका पाठहरूका वाक्य र अनुच्छेद सुनेर लेख्न,
- रूपक विधाका पाठ वा निर्दिष्ट अंश सुनेर आफ्नै शब्दमा पढेर सारांश लेख्न,
- लिखित अभिव्यक्तिमा हिज्जे मिलाइ शुद्ध वर्ण विन्याससँग लेख्न,

### ४.३.४ लेखाइ सीपका आधारमा बाल दिवस र पत्रपत्रिका संवादको अध्ययन

सामुदायिक विद्यालयको कक्षा पाँचको मेरो नेपाली किताबमा समावेश गरिएको बाल दिवस संवादले भाषाका अन्य सीपहरू जस्तै लेखाइ सीपलाई पनि टेवा पुऱ्याउने देखिन्छ । संवादमा भएका कठिन तथा नवीन शब्दहरूको शुद्धोच्चारण कार्यकलाप पश्चात् उक्त शब्दहरूको

श्रुतिलेखन कार्यकलाप सञ्चालन गर्न सकिन्छ । त्यसैगरी संवादका कुनै अंशमा पनि यो अभ्यास गर्न सकिन्छ । यसैगरी बाल दिवस, बाल अधिकार, सांस्कृतिक, अशक्त, अपाङ्ग जस्ता शब्दहरूलाई सन्दर्भपूर्ण रूपमा वाक्यमा प्रयोगको अभ्यास पनि गराउन सकिन्छ । यसरी कक्षामा श्रुतिलेखन गराएका सामग्री शुद्धसँग वर्णविन्यास मिलाएर लेख्न सके सकेनन् भनी शिक्षकले जाँच गरी आवश्यक पृष्ठपोषण दिन सकिन्छ । यसका साथै संवादमा प्रश्नवाचक एवम् पूर्णविराम चिन्हको प्रशस्त प्रयोग भएकोले लेख्य चिन्हको प्रयोग गरी लेखन कार्यकलाप गराउन सकिन्छ ।

यसैगरी बाल अधिकारका सम्बन्धमा आफूले घरमा पाएका अधिकारको बारेमा सूची तयार पार्न लगाउन सकिन्छ । संवादको विषयवस्तु सहज भए तापनि यसको स्तर उच्च भएकोले सारांश लेखनमा भने कम प्रभावकारी देखिन्छ ।

कक्षा पाँचकै संस्थागत विद्यालयको 'सजिलो नेपाली माला' किताबमा समाविष्ट पत्रपत्रिका, संवाद, पढाइ र लेखाइ दुबै सीपका लागि निकै महत्त्वपूर्ण देखिन्छ । यसमा प्रयोग गरिएका अधिकांश शब्दहरू सरल भएकोले बालबालिकाहरूले उक्त शब्दहरूलाई सन्दर्भपूर्ण रूपमा प्रयोग गर्न सक्छन् । त्यसैगरी महत्त्वपूर्ण, चुड्किला, जीवनी, ज्ञानबर्धक जस्ता शब्दहरूलाई श्रुतिलेखन गराउन सकिन्छ । संवादका कुनैपनि अंशलाई शिक्षकले भन्ने र विद्यार्थीलाई लेख्न पनि लगाउन सकिन्छ । संवादका खास खास शब्दहरूलाई वाक्य बनाउन लगाउन सकिन्छ । यस्तै पाठमा प्रशस्त विभक्तिहरू भएकाले उक्त विभक्तिहरू प्रयोग गरी सन्दर्भपूर्ण वाक्य निर्माण गराउन सकिन्छ । यसका साथै पाठमा भएका नाम, सर्वनाम जस्ता खास खास शब्दहरू खोजेर लेख्न लगाउन पनि सकिन्छ ।

संवादको विषयवस्तु बालबालिकाहरूको अनुभवको सेरोफेरोमा रहेको र संवादको स्तर पनि बालबालिकाहरूको बौद्धिक स्तरसँग मिल्ने भएकोले बालबालिकाहरूलाई आफ्नै शब्दमा संवादको सारांश लेखन गराउन सकिन्छ । जे होस् पत्रपत्रिका संवाद विद्यार्थीहरूको बौद्धिक पहुँच अनुसारको भएकाले अन्य सीप जस्तै लेखाइ सीपका लागि निकै महत्त्वपूर्ण देखिन्छ ।

माथिको निष्कर्षका आधारमा लेखाइ सीप विकासको कोणबाट हेर्दा बाल दिवसभन्दा पत्रपत्रिका संवाद उपयुक्त र प्रभावकारी मान्न सकिन्छ ।

#### ४.३.४.१ लेखाइ सीपका आधारमा रिसको औषधी र जन्मोत्सव संवादको अध्ययन

कक्षा पाँचको 'मेरो नेपाली किताब' भित्र समावेश गरिएको रिसको औषधी संवादमा रूपक विधाको धर्म र मर्म अनुसार हाउभाउ, अङ्ग सञ्चालन, मुखमुद्रा आदिको उपयुक्त ढङ्गले समन्वय गरिएको छ । संवादमा प्रयुक्त सम्पूर्ण वाक्य छोटा तथा मझौला आयामका भएको कारण श्रुतिलेखन कार्यकलापका लागि निकै महत्त्वपूर्ण रहेको छ । भाषाशैलीलाई नियाल्ने हो भने विद्यार्थीहरूको स्तर अनुकूल छनोट र स्तरण गरिएको पाइन्छ । यसले गर्दा संवाद भित्रका खास खास शब्द वाक्य आदिलाई सुनेर बालबालिकाहरूलाई लिपिवद्ध गर्न निकै रुचि पुऱ्याउने देखिन्छ । यस्तै शक्ति, मांसपेशी, घरेलु, ठसक्क, औषधी, धन्यवाद, भगवान् जस्ता शब्दहरूलाई सन्दर्भपूर्ण रूपमा वाक्य निर्माणको अभ्यास पनि गराउन सकिन्छ । यसरी लेखन कार्यकलाप सम्पन्न गरिसकेपछि वर्णविन्यासगत रूपमा ठिक बेठिक छुट्याइ शिक्षकले आवश्यक पृष्ठपोषण दिएर विद्यार्थीको लेखन सीपको स्तर उकास्न निकै मद्दत पुग्ने देखिन्छ । पाठमा प्रशस्त निपात शब्दहरू भएकाले उक्त शब्दहरूलाई सन्दर्भपूर्ण रूपमा प्रयोग गरी साना साना अनुच्छेद निर्माणको अभ्यास पनि गराउन सकिन्छ । यसैगरी समग्र संवाद पढेर त्यसको सारांश लेखन कार्यकलाप गराउन पनि उक्त संवाद त्यति नै महत्वपूर्ण देखिन्छ । तसर्थ लेखाइ सीपको कोणबाट यस संवादलाई विश्लेषण गर्दा एकदम प्रभावकारी देखिन्छ ।

यस्तै 'जन्मोत्सव' कक्षा पाँचको सजिलो नेपाली माला भित्र समाविष्ट संवाद हो । वाक्य आयामका कोणबाट हेर्दा छोटा छरिता संवादको बहुलता रहेको यस संवादको भाषाशैली सरल र स्वभाविक रहेको पाइन्छ अर्थात् विद्यार्थीको स्तर अनुकूल छनोट र स्तरण गरिएकोले लेखाइ सीप विकासका लागि उपयुक्त र प्रभावकारी मान्न सकिन्छ । यति हुँदाहुँदै पनि लामा लामा संवादको पनि छिटफुट रूपमा प्रयोग गरिएकोले लेखाइ केही समस्या पनि देखिने स्थिति रहेको छ । नववर्ष, जन्मोत्सव, अपराह्न, सुकुन्दा, अष्ट चिरञ्जीवी जस्ता कठिन शब्दहरूलाई श्रुति लेखनको अभ्यास गराउन सकिन्छ । यसरी विद्यार्थीहरूद्वारा लिखित सामग्रीलाई वर्णविन्यासगत रूपमा उपयुक्त भए नभएको परीक्षण गरी आवश्यक निर्देशन दिन सकिन्छ । पाठमा र अनि तर जस्ता संयोजकहरू पनि प्रशस्त भएकोले उक्त शब्दहरू प्रयोग गरी वाक्य निर्माण तथा साना साना अनुच्छेद लेखनको अभ्यास गराउन सकिन्छ । संवादका विभिन्न पात्रले राखेका विभिन्न विचारहरूमध्ये आफूलाई मनपरेको विचार मनपर्ने कारणका बारेमा केन्द्रित रहेर विचार लेखनको अभ्यास गराउन सकिन्छ । यति भएर पनि

संवादको मूल मर्म बालबालिकाहरूको स्तरभन्दा माथिल्लो एवम् ओजपूर्ण भएकोले संवादको सारांश लेखनका लागि भने यो संवाद त्यति प्रभावकारी देखिदैन ।

माथिका विश्लेषणको निष्कर्षमा भन्नुपर्दा जन्मोत्सव भन्दा रिसको औषधी संवादको लेखाइ सीप विकासका लागि बढी प्रभावकारी हुने देखिन्छ ।

### ४.३.४.२ लेखाइ सीप विकासका आधारमा परीक्षाको तयारी, जन्मोत्सव र पत्रपत्रिका संवादको अध्ययन

कक्षा पाँचको मेरो नेपाली किताबमा समाविष्ट परीक्षाको तयारी संवादमा प्रयोग गरिएका संवाद लामा तथा मझौला संवादको बहुलता भएको संवाद हो । उक्त संवादमा नवीन तथा कठिन शब्दहरूलाई श्रुतिलेखनको अभ्यास गराउन सकिन्छ । यसैगरी पाठमा भएका छोटाछोटा वाक्यहरूलाई पनि श्रुतिलेखनको अभ्यास गराउन सकिन्छ । पाठमा भएका खास खास शब्दहरूको वर्णविन्यास शिक्षकले विगारेर विद्यार्थीहरूलाई वर्णविन्यास मिलाएर लेखन अभ्यास गराउन सकिन्छ । स्वास्थसँग सरोकार राख्ने विषयवस्तु भएकोले दुधबाट बन्ने परिकार, मानिसको स्वास्थ्यलाई हानी गर्ने कुराहरू आदिको सूची तयार गर्न लगाउने जस्ता लेखन कार्यकलाप गराउन सकिन्छ । यति हुँदाहुँदै पनि मानिसको स्वास्थसँग सरोकार राख्ने खानपान, आराम, कसरत जस्ता वृहत् विषयवस्तु संवादमा अटाएको हुनाले उक्त संवादको सारांश लेखन कार्यकलापका लागि भने यो संवादको सारांश लेखन कार्यकलापका लागि भने यो संवाद त्यति उपयुक्त मानिदैन । यसका साथै कठिन तथा नूतन शब्दहरूको अत्याधिक प्रयोग गरिएकाले श्रुतिलेखनमा पनि तुलनात्मक रूपमा कम सहजता हुने स्थिति रहेको छ ।

यसैगरी सजिलो नेपाली मालामा समावेश गरिएको जन्मोत्सव संवादमा मझौला तथा लामा वाक्यहरूको बहुलता रहेको छ । भाषाशैली सरल एवम् स्वभाविक भएको कारण विद्यार्थीहरूलाई लेखाइ सीपको विकास गराउन निकै मद्दत पुग्ने देखिन्छ । नववर्ष, जन्मोत्सव, अपराह्न, सुकुन्दा अष्ट चिरन्जीवी जस्ता कठिन शब्दहरू बाहेक अन्य शब्दहरूलाई सन्दर्भ मिलाएर वाक्य निर्माणको अभ्यास गराउन पनि उपयुक्त देखिन्छ । यसरी विद्यार्थीहरूद्वारा लिखित सामग्रीलाई वर्णविन्यासगत रूपमा उपयुक्त भए नभएको परीक्षण गरी आवश्यक निर्देशन समेत दिन सकिन्छ । पाठमा र, अनि, तर जस्ता संयोगकहरू तथा पो, त, नै जस्ता निपातहरू पनि प्रशस्त भएको कारण उक्त शब्दहरू खोज्ने वाक्यमा प्रयोग गर्ने एवम् अनुच्छेद लेखनका कार्यकलाप समेत गराउन सकिन्छ ।

संवादमा विभिन्न पात्रको राखेका विभिन्न विचारमा आफूलाई सबभन्दा मनपर्नुको कारणबारे पनि अनुच्छेद लेखनको अभ्यास गराउन सकिन्छ । यसैगरी विद्यार्थीहरूलाई संवादका खास खास अंश सुनाएर श्रुतिलेखनको अभ्यास पनि गराउन सकिन्छ । यति हुँदाहुँदै संवादको मूल मर्म एवम् सार विद्यार्थीको बौद्धिक स्तरभन्दा बढी ओजपूर्ण भएको कारण सारांश लेखनमा भने कम प्रभावकारी देखिन्छ ।

यसैगरी कक्षा पाँचकै सजिलो नेपाली माला किताबमा समावेश गरिएको पत्रपत्रिका संवाद लेखन सीप विकासमा निकै प्रभावकारी देखिन्छ । छोटा तथा मझौला वाक्यहरूको बहुलता भएका कारण विद्यार्थीहरूलाई सुनेर अर्थग्रहण गर्न निकै सहज हुने देखिन्छ । सुनाइ सीप मजबुज भएपछि लेखाइ सीप पनि मजबुत हुने गर्दछ । यसमा प्रयुक्त अधिकांश संवाद सरल भएका कारण बालबालिकाहरूले उक्त शब्दहरूलाई सन्दर्भपूर्ण रूपमा प्रयोगको अभ्यास गराउन सकिन्छ । यसैगरी जीवनी, निबन्ध, ज्ञानवर्धक जस्ता नूतन शब्दहरूलाई अर्थपूर्ण रूपमा वाक्य निर्माणको अभ्यास पनि गराउन सकिन्छ । पाठमा प्रशस्त विभक्तिहरू भएका कारण उक्त विभक्तिलाई प्रयोग गरी सन्दर्भपूर्ण वाक्य निर्माणको अभ्यास गर्न पनि त्यतिकै उपयुक्त देखिन्छ । यसैगरी संवादका खास खास अंशहरूमा श्रुतिलेखन गराइ विद्यार्थीहरूद्वारा लिखित सामग्रीहरूलाई वर्णविन्यासमा देखिएका गल्तीहरू पत्ता लगाई आवश्यक पृष्ठपोषण दिएर लेखाइ सीप मजबुत बनाउन सकिन्छ ।

निष्कर्षमा भन्नुपर्दा पत्रपत्रिकाको विषयवस्तु बालबालिकाहरूको अनुभवको सेरोफेरोमा रहेको तथा संवादको स्तर बालबालिकाहरूको बौद्धिक स्तरसँग मेल खाने भएका कारण उनीहरूलाई आफ्नै शब्दमा संवादको सारांश लेखनको अभ्यास गराउन सकिन्छ । स्वभाविक भाषाशैली, मुखमुद्रा, अङ्ग सञ्चालनको संयोजन प्रभावकारी ढङ्गले गरिएको कारण भाषाका अन्य सीप जस्तै लेखाइ सीपका लागि प्रभावकारी संवाद मान्न सकिन्छ ।

माथिको विश्लेषणका आधारमा लेखाइ सीप विकासका लागि परीक्षाको तयारी संवाद निम्न स्तरको छ भने जन्मोत्सव संवाद मध्यम स्तरको रहेको छ । संवाद समेट्नुपर्ने सम्पूर्ण कुराहरूलाई प्रभावकारी रूपमा समेटिएको हुनाले पत्रपत्रिका संवाद उच्च स्तरको रहेको छ ।

# अध्याय - पाँच

# उपसंहार तथा निष्कर्ष

प्रस्तुत शोधपत्रमा एकै समय र कक्षाका फरक-फरक लेखक तथा प्रकाशकका दुई फरक-फरक पाठ्यपुस्तकभित्र समाविष्ट रूपक विधाको स्तरीयता र भाषिक सीपको तुलनात्मक विश्लेषण गरिएको छ ।

## ५.१ कक्षा पाँचको मेरो नेपाली किताबको निष्कर्ष

- नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र २०६४ द्वारा निर्धारित प्राथमिक तह कक्षा पाँचको मेरो नेपाली किताबमा तीन ओटा संवादमात्र राखिएका छन् ।
- उक्त संवादहरूलाई जम्मा २२ ओटा पाठहरूमध्ये सातौँ, तेह्रौँ र अठारौँ पाठमा विन्यास गरिएको छ जसलाई स्तरणको आधारमा उपयुक्त मान्न सकिन्छ ।
- यस पाठ्यपुस्तकमा समावेश गरिएका संवादमा पात्रको लैङ्गिक सहभागिता समानुपातिक रहेको जुन सकारात्मक मान्न सकिन्छ ।
- विद्यार्थीको स्तर क्षमताका कोणबाट हेर्दा रिसको औषधी संवाद उपयुक्त मान्न सकिन्छ भने बाल अधिकार र परीक्षाको तयारी संवाद उनीहरूको स्तरभन्दा माथिल्लो एवम् कम रुचिकर देखिन्छ ।
- भाषिक सीप विकासका लागि परीक्षाको तयारी चारैओटा सीपको विकासका लागि उपयुक्त रहेको छ भने बालदिवस र परीक्षाको तयारी संवाद तुलनात्मक रूपमा कम स्तरीय तथा जटिल रहेका छन् ।

## ५.२ कक्षा पाँचको सजिलो नेपाली मालाको रूपक विधा विश्लेषणको निष्कर्ष

संस्थागत विद्यालयमा भाषा पाठ्यपुस्तकका लागि उपयोग ल्याइएको प्रा.डा.हेमाङ्गराज अधिकारी, लालानाथ सुवेदी र बद्रीविशाल भट्टराई लेखक तथा सम्पादक रहेको 'सजिलो नेपाली माला' कक्षा पाँच विद्यार्थी प्रकाशन प्रा.लि. द्वारा प्रकाशित पुस्तक हो । यस पुस्तकभित्रका रूपक विधाका पाठहरूको स्तरीयता र भाषिक सीपका आधारमा निम्नानुसार निष्कर्ष निकालिएको छ :

- यस पाठ्यपुस्तकमा २५ ओटा पाठमध्ये २ ओटा पाठ रूपक राखिएको छ ।
- २५ ओटा पाठमध्ये १० औँ र २२ औ पाठमा रूपक विधा राखिएका छन् । जुनस्तरणका कोणबाट उपयुक्त देखिन्छ ।
- यस पाठ्यपुस्तकमा समावेश गरिएको पत्रपत्रिका संवादमा पात्रको लैङ्गिक सहभागितालाई समानुपातिक बनाउन प्रयत्न गरिएको छ तर जन्मोत्सव संवादमा छात्रहरूको (पुरुष) मात्र सहभागिता रहेको छ । यसबाट छात्राहरूमा संवादप्रति कम रुचि जाग्न सक्छ ।
- विद्यार्थीको रुचि, स्तर, क्षमताका कोठाबाट हेर्दा पत्रपत्रिका भन्दा जन्मोत्सव संवाद हेर्दा पत्रपत्रिका भन्दा जन्मोत्सव संवाद उपयुक्त मान्न सकिन्छ ।
- भाषिक सीप विकासका लागि उपयुक्त संवाद मान्न सकिन्छ ।

## ५.३ 'मेरो नेपाली किताब' र 'सजिलो नेपाली माला' मा समाविष्ट विवेच्य पाठको तुलनात्मक अध्ययनको निष्कर्ष

- 'मेरो नेपाली किताब' मा २२ ओटा पाठमध्ये ३ ओटा संवाद राखिएका छन् भने सजिलो नेपाली मालामा २५ ओटा पाठमा २ ओटा मात्र संवाद राखिएका छन् । मेरो नेपाली किताबमा २२ ओटा पाठमध्ये ३ ओटा मात्र रूपक विधा समावेश गरिनु त्रुटिपूर्ण देखिन्छ भने सजिलो नेपाली मालामा २५ ओटा पाठमध्ये २ ओटा मात्र रूपक समावेश गरिनु गम्भीर त्रुटि मान्न सकिन्छ ।
- दुबै पाठ्यपुस्तकमा रूपक विधाअन्तर्गत संवाद मात्र राखिएको छ । प्राथमिक तहमा रूपक विधाअन्तर्गत एकाङ्की,  वादविवाद, मनोवाद बालबालिकाहरूको स्तरभन्दा जटिल हुने भएकोले संवाद मात्र राखिनु यसको सबल पक्ष मान्न सकिन्छ ।
- यी दुई पाठ्यपुस्तकभित्र समाविष्ट रूपक विधाका पाठ्यसामग्रीहरू बालबालिकाहरूको क्षमता, रुचि, स्तर भाषिक क्षमता आदिका आधारमा तुलना गर्दा 'मेरो नेपाली किताब' मा समाविष्ट ३ ओटा संवाद मध्ये दुईवटा संवाद विद्यार्थीको स्तरभन्दा जटिल कम असल स्तरका देखिन्छन् भने सजिलो नेपाली माला भित्र समाविष्ट दुबै संवाद तुलनात्मक रूपमा विद्यार्थीको स्तर सुहाउँदो र स्तरीय देखिन्छन् ।

- भाषा शिक्षण प्रयोजनका सन्दर्भमा हाम्रो नेपाली किताबमा समाविष्ट रिसको औषधी संवादलाई अत्यन्त सहज ढङ्गले अभिनय गराउन सकिन्छ भने सजिलो नेपाली मालामा समावेश गरिएका जन्मोत्सव र पत्रपत्रिका संवाद अभिनय सीपका लागि मध्यम खालका छन् । हाम्रो नेपाली किताबमा समावेश गरिएका बाल अधिकार र जन्मोत्सव संवाद अभिनय सीप विकासका लागि निम्न स्तरका रहेका छन् । उक्त संवादमा संवादात्मक अभिव्यक्ति मात्र रहेका छन् भने उक्त संवादात्मक अभिव्यक्तिहरू पनि विद्यार्थीको स्तरभन्दा जटिल रहेका छन् ।
- मेरो नेपाली किताबमा समावेश गरिएका सबै संवादमा लैङ्गिक रूपमा पात्रको समान सहभागिता रहेको छ । सजिलो नेपाली माला' मा समाविष्ट जन्मोत्सव संवादमा छात्रहरूको मात्र सहभागीता रहेको छ । तसर्थ उक्त संवाद छात्राहरूका लागि कम रुचिकर बन्न सम्भावना रहेको छ ।

## ५.४ मेरो नेपाली किताब कक्षा पाँचको रूपक विधाका पाठहरूको सबल तथा सुधार गर्नुपर्ने पक्षहरू

- यस पाठ्यपुस्तकमा समावेश गरिएका संवादको विषयवस्तु कक्षा पाँचमा अध्ययनरत बालबालिकाहरूको रुचि एवम् अनुभवको सेरोफेरोबाट चयन गरिएको छ जुन सबल पक्ष हो ।
- २२ ओटा पाठहरूमध्ये सातौँ, तेह्रौँ र अठारौँ पाठमा संवादलाई विन्यास गरिएको छ । यो पनि रूपक विधाको सकारात्मक स्तरण हो ।
- रिसको औषधी संवाद पाठ्यक्रमका साधारण र विशिष्ट उद्देश्यलाई सम्बोधन गर्न सक्ने खालको छ । यो यसको सराहनीय पक्ष हो ।
- संवादका पात्रहरू लैङ्गिक रूपमा समानुपातिक ढङ्गले समावेश गरिएको छ । यो सबल पक्ष हो ।
- संवादका आयाम निर्दिष्ट कक्षाका लागि उपयुक्त हुने गरी राखिएको छ । यो यसको सकारात्मक पक्ष हो ।
- पाठ्यक्रमले निर्धारण गरेका साधारण र विशिष्ट उद्देश्यलाई पूरा गर्न बाल दिवस र परीक्षाको तयारी संवाद उपयुक्त देखिदैन किनकी उक्त संवादको विषयवस्तु

बालबालिकाहरूको रुचि अनुसारको भए तापनि लामा लामा संवादात्मक अभिव्यक्ति एवम् प्रौढ निकट शैलीको प्रयोगले निरस र पट्यार लाग्दो बन्न पुगेका छन् ।

- भाषिक सीप विकासमा रिसको औषधी उपयोगी संवाद रहे पनि बाँकी दुईवटा संवाद विद्यार्थीको स्तरभन्दा जटिल भएकोले अपेक्षित उद्देश्य पूरा गर्न सक्तैनन् ।

## ५.५ सजिलो नेपाली माला कक्षा सातको रूपक विधाका पाठहरूको सबल तथा सुधार गर्नुपर्ने पक्ष

- भाषा पाठ्यक्रमले निर्धारण गरेका उददेश्य प्राप्तिका लागि विद्यार्थीको स्तर अनुसारका रूपक विधा समावेश गरिएको छ । यो यसको सबल पक्ष मानिन्छ ।
- जम्मा २५ ओटा पाठहरूमध्ये २ ओटा संवादलाई १० र २२ औं पाठमा विन्यास गरिनु पनि यसको सबल पक्ष हो ।
- विद्यार्थीको रुचि अनुसारका विषयवस्तु उपयुक्त आयामका अभिव्यक्ति भएका संवाद राखिनु राम्रो पक्ष मान्न सकिन्छ ।
- भाषिक सीप विकासमा उपयोगी संवाद समावेश गरिनु सराहनीय पक्ष हो ।
- संवादका आयाम निर्दिष्ट कक्षाका लागि उपयुक्त हुने गरी राखिएको छ । यो पनि यसको सकारात्मक पक्ष हो ।
- भाषिक सीप आर्जनमा भाषाका अन्य विधाले भन्दा रूपक विधाले बढी प्रभाव पार्ने हुँदा २२ ओटा पाठमध्ये रूपक विधाका पाठहरू २ ओटा मात्र समावेश गरिनु त्रुटिपूर्ण देखिन्छ ।
- संवादका पात्रहरूको लैङ्गिक, जातीय, धार्मिक आदि रूपमा समानुपातिक रूपमा राखिनुपर्नेमा जन्मोत्सव संवादमा पुरुष बालपात्र मात्र राखिनु अनुपयुक्त देखिन्छ ।

## ५.६ शोधको शैक्षिक प्रयोजन

- यस शोधपत्रले रूपक विधासँग सम्बन्धित भई शोध तथा अनुसन्धान गर्न चाहने अनुसन्धातालाई अनुसन्धानको आधार प्रदान गर्नेछ ।

- प्राथमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका रूपक विधाका पाठहरू पाठ्यक्रम अनुरूप भए-नभएको अध्ययन गरी सुधार गर्न प्रस्तुत शोधपत्रले सघाउ पुऱ्याउने छ ।
- प्राथमिक तहको सामुदायिक र निजी विद्यालयका नेपाली भाषा पाठ्यपुस्तकका बारेमा चासो राख्ने तथा अध्ययन अनुसन्धान गर्न चाहनेका लागि यस शोधपत्रले सैद्धान्तिक र व्यवहारिक ज्ञान प्राप्त गर्न सहयोग पुग्ने छ ।
- विद्यालय तहमा अध्यापन गर्ने शिक्षक रूपक विधाका बारेमा सैद्धान्तिक र प्रायोगिक ज्ञान हाँसिल गराउन प्रस्तुत शोधपत्रले निकै सघाउ पुऱ्याउन सक्नेछ ।

## ५.७ भावी अनुसन्धानका लागि रूपक विधाबाट लेख्न सकिने सम्बन्धित केही शीर्षकहरू

- प्राथमिक तहमा रूपक शिक्षणको आवश्यकता र महत्त्व कक्षा ४ को हाम्रो नेपाली किताबमा समाविष्ट रूपक विधाको पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन,
- कक्षा ४ को हाम्रो नेपाली किताब र कक्षा ४को सजिलो नेपाली मालामा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन,
- मेरो नेपाली किताब कक्षा ४ र मेरो नेपाली किताब कक्षा ५ मा प्रयुक्त रूपक विधाका पाठहरूको पारस्परिक सम्बन्धको अध्ययन,
- सजिलो नेपाली माला कक्षा ४ र सजिलो नेपाली माला कक्षा ५ मा समाविष्ट रूपक विधाका पाठहरूको पारस्परिक सम्बन्धको अध्ययन,
- मेरो नेपाली किताब कक्षा ५ मा समावेश गरिएका रूपक विधाका पाठहरूबाट विद्यार्थीले प्राप्त गर्ने शब्दभण्डारको अध्ययन,
- अभिनय सीप अनुरूपताका आधारमा कक्षा ५ को मेरो नेपाली किताब र सजिलो नेपाली मालामा समाविष्ट रूपक विधाका पाठहरूको तुलनात्मक अध्ययन,
- भाषिक सीप आर्जनका दृष्टिले हाम्रो नेपाली किताब कक्षा ४ र सजिलो नेपाली माला कक्षा ५ को तुलनात्मक अध्ययन,

## ५.८ सुझावहरू

- प्राथमिक तह भाषा पाठ्यक्रममा मौखिक भाषिक सीप विकास गराउन राखिने संवाद छोटा छोटा वाक्य, छोटो आयामका अभिव्यक्ति,विद्यार्थीको अनुभवको सेरोफेरोका शब्दभण्डार आदिको उपयुक्त प्रयोग गरिनुपर्दछ ।
- प्राथमिक तहमा समावेश गरिने रूपक विधाका पाठहरूको विषयवस्तु मात्र उपयोगी भएर हुदैन । त्यसलाई प्रस्तुत गर्ने संवादात्मक शैली,अभिव्यक्तिको आयाम, अभिनय सीप विकास आदि विद्यार्थीको रुचि, स्तर, क्षमता आवश्यकतासँग उपयुक्त तालमेल हुनु पर्दछ ।
- प्राथमिक तहमा समावेश गरिने रूपक विधामा बाल सुलभ शैलीको प्रयोग गरिनु पर्दछ । नत्र भाषिक सीप विकासमा अप्रत्यक्ष रूपमा बाधा पुग्दछ ।
- प्राथमिक तहमा समावेश गरिने रूपक विधा अभिनय कौशलको कोणबाट पनि उपयुक्त हुनुपर्छ ।
- निजी स्कुलको सजिलो नेपाली मालाको जन्मोत्सव संवादमा पुरुष बाल पात्र मात्र राखिनु त्रुटिपूर्ण देखिन्छ ।
- यस तहमा समावेश गरिने रूपक विधामा लैङ्गिक भाषिक सांस्कृतिक रूपमा समावेशी एवम् समानुपातिक सहभागिता गरिनुपर्दछ ।
- भाषिक सीप आर्जनमा कथा कविता निबन्ध प्रबन्ध आदिले भन्दा रूपक विधाले बढी प्रभाव पार्ने भएकोले रूपक विधाका पाठहरू थप गरिनु आवश्यक देखिन्छ ।

## सन्दर्भग्रन्थसूची


अधिकारी, हेमाङ्गराज र अन्य (२०६७), **सजिलो नेपाली माला कक्षा पाँच,** काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज (२०५९), **नेपाली भाषा शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६६), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, विष्णु (२०६६), **नेपाली गद्य नाटक र निबन्ध**, कीर्तिपुर : क्षितिज प्रकाशन ।

गौतम, दुर्गाप्रसाद (२०६५), **कक्षा सातको हाम्रो नेपाली किताब र मेरो नेपाली माला भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन,** मोरङः सुकुना बुहमुखी क्याम्पस, इन्द्रपुरमा प्रस्तुत अप्रकाशित शोध पत्र ।

ढकाल, शान्तिप्रसाद (२०६४), **भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति**, अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।

ढकाल, शान्तिप्रसाद र तीर्थराज खतिवडा (२०६८), **नेपाली भाषा साहित्य र शिक्षण**, काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६१), **नेपाली नाटक, एकाङ्की र निबन्ध,** काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

नेपाल सरकार (२०६६), **मेरो नेपाली कक्षा ५,** शिक्षा मन्त्रालय पाठ्क्रम विकास केन्द्र ।

नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र (२०६४), **प्राथमिक तहको पाठ्यक्रम ।**

पौडेल, नवराज (२०६८), **कक्षा ६ को हाम्रो नेपाली किताब र सजिलो नेपाली माला भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन ।**

पौड्याल, रामप्रसाद (२०६१), **माध्यमिक तहको पुरानो पाठ्यपुस्तक महेन्द्रमाला र हालको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन ।**

भट्टराई, रामप्रसाद (२०६८), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : शुभकामना प्रकाशन ।

भण्डारी र अन्य (२०६८), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

भण्डारी र अन्य (२०६७), **नेपाली गद्य नाटक र निबन्ध**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र अन्य (२०६७), **नेपाली भाषा साहित्य र शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।